# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २०१ | काठमाडौं | बिहीबार, १० मंसिर २०८३ | Prabhab National Daily | Thursday, 26 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## न्यायिक परीक्षणमै आइजिपीको नियुक्ति

- कार्कीको मागबमोजिम अन्तरिम आदेश दिन सर्वोच्चको अस्वीकार
- अस्वीकार गर्नुको तीन आधार:

  **पहिलो**, केसीले आइजिपी पदको नियुक्ति बुझेर कार्यभार सम्हालिसकेको अवस्था ।

  **दोस्रो**, प्रहरी संगठनको नेतृत्व सार्वजनिक महत्त्व र संवेदनशीलतासँग जोडिएको विषय हुनु ।

  **तेस्रो**, कार्कीले उठाएका कानुनी प्रश्नको निरूपण अन्तिम सुनुवाइबाट गर्न सकिने अवस्था ।
- मुद्दाको अन्तिम फैसलाबाटै न्याय निरूपण हुने

■ जेबी योञ्जन



**काठमाडौं**– कार्यकाल नसकिँदै नेपाल प्रहरीको महानिरीक्षक (आइजिपी) हटाउने वालेन्द्र सरकारको निर्णयलाई लिएर उत्पन्न विवाद तत्काल नटुंगिने भएको छ ।

प्रहरी महानिरीक्षकबाट हटाइएका दानबहादुर कार्कीले सरकारको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा दायर गरेको रिटमा अन्तरिम आदेश पाउन सकेनन् । तर, अदालतले मुद्दालाई प्राथमिकतामा राखेर छिटो अन्तिम सुनुवाइ गर्न आदेश दिएपछि सरकारको निर्णयको वैधानिकतामाथिको न्यायिक परीक्षण भने बाँकी नै छ ।

बुधबार न्यायाधीशद्वय नृपध्वज निरौला र श्रीकान्त पौडेलको संयुक्त इजलासले कार्कीको मागबमोजिम अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको सर्वोच्च अदालतका रजिस्ट्रार बाबुराम दाहालले बताए । गत कात्तिक १८ गते बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई प्रहरी महानिरीक्षकको जिम्मेवारीबाट हटाएर मनोजकुमार केसीलाई नयाँ महानिरीक्षक नियुक्त गरेको थियो । सोही बैठकले कार्कीलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारको जिम्मेवारीमा खटाउने निर्णय पनि गरेको थियो ।

सरकारले यसलाई कारबाही नभई जिम्मेवारी हेरफेर भने पनि कार्कीले उक्त निर्णयविरुद्ध कानुनी चुनौती दिएका थिए । मन्त्रिपरिषद्को निर्णय भएको भोलिपल्टै अर्थात् कात्तिक १९ गते उनी सर्वोच्च पुगेका थिए ।

तर, कार्कीले माग गरेअनुसार तत्काल निर्णय कार्यान्वयन रोक्न अदालत तयार भएन । यद्यपि, अन्तरिम आदेश नदिनु नै सरकारको निर्णय कानुनसम्मत रहेको ठहर भने होइन । अदालतले अन्तिम सुनुवाइबाटै कानुनी प्रश्नहरूको निरूपण गर्न सकिने भन्दै तत्कालका लागि अन्तरिम आदेश आवश्यक नदेखिएको जनाएको हो ।

अदालतले अन्तरिम आदेश अस्वीकार गर्नुको तीन प्रमुख आधार प्रस्तुत गरेको छ । पहिलो, केसीले आइजिपी पदको नियुक्ति बुझेर कार्यभार सम्हालिसकेको अवस्था । दोस्रो, प्रहरी संगठनको नेतृत्व सार्वजनिक महत्त्व र संवेदनशीलतासँग जोडिएको विषय हुनु । तेस्रो, कार्कीले उठाएका कानुनी प्रश्नको निरूपण अन्तिम सुनुवाइबाट गर्न सकिने अवस्था ।

निरौला र पौडेलको आदेशमा भनिएको छ, 'मनोजकुमार केसी नेपाल सरकारको मिति २०८३-०७-१८ को निर्णयानुसार प्रहरी महानिरीक्षक पदमा बढुवा भई सोही दिन नियुक्ति बुझी सो पदको कार्यभार सम्हालिसकेको भन्ने मिसिलबाट देखिएको, निवेदकले अन्तरिम आदेशको माग गरेको प्रस्तुत विषय देशको शान्ति सुरक्षा कायम गर्ने प्रहरी संगठनको नेतृत्वसँग सम्बन्धित सार्वजनिक महत्त्वको संवेदनशील विषय भएको र रिट निवेदकले माग गरेको न्यायिक उपचार र उठाएका अन्तरिम आदेशको मागसँग अन्तर्निहित कानुनी प्रश्नहरूको रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा निरूपण र सम्बोधन हुने प्रकृतिको देखिँदा सुविधा सन्तुलनको दृष्टि समेतबाट निवेदन मागबमोजिम हाल अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन ।'

क्रमशः पृष्ठ २ मा

## देउवाले कांग्रेसकै नाममा महाधिवेशन गर्न खोजेपछि रोक्न खोज्दै संस्थापन

■ प्रभाव संवाददाता





**काठमाडौं**– शेरबहादुर देउवा समूहले नेपाली कांग्रेसकै नाममा अर्को महाधिवेशन गर्न खोजेपछि संस्थापन पक्ष रोक्ने प्रयासमा लागेको छ । पूर्वसभापति देउवा समूहले डा. शशांक कोइरालाको संयोजनमा यही मंसिर २१ गतेबाट खुल्लामञ्चमा १५औं महाधिवेशन गर्न लागेपछि संस्थापन पक्ष रोक्ने प्रयासमा लागेको हो ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले एकै नाममा दुईवटा महाधिवेशन हुन नसक्ने बताए । 'एउटै देशमा एउटै नामको पार्टी हुन सक्दैन । दुईटा पार्टीलाई एउटै चुनाव चिह्न र उस्तै झण्डा निर्वाचन आयोगले दिन सक्दैन । पार्टी विधानअनुसार र देश संविधानअनुसार चल्नुपर्छ,' पौडेलले भने ।

पार्टी सभापति गगन थापाले भने देउवापक्षको महाधिवेशनमा लाग्नेजति सबै जनप्रतिनिधिलाई कारबाही गर्ने चेतावनी दिइसकेका छन् । कांग्रेसको गत असोज १८ देखि २३ गतेसम्म सम्पन्न १५औं महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले मंगलबार अद्यावधिक गरेको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कांग्रेसको नयाँ कार्यसमिति विधिवत्रूपमा अद्यावधिक भएको जानकारी दिए ।

देउवा समूहले भने सर्वोच्च अदालतले निस्सा दिएकोले कांग्रेसकै नाममा महाधिवेशन हुने १५औं महाधिवेशन तयारी समितिअन्तर्गत सचिवालय समन्वय समितिका संयोजकसमेत रहेका देउवा पक्षका नेता दीपकप्रसाद कुइँकेलले बताए । 'हामीलाई सर्वोच्च अदालतले निस्सा दिएको छ । यो भनेको निर्वाचन आयोगले गरेको निर्णय त्रुटिपूर्ण छ भनेको हो । त्यसैले कांग्रेसकै नाममा हामी महाधिवेशन गर्दै छौं ।

> एउटै देशमा एउटै नामको पार्टी हुन सक्दैन । दुईटा पार्टीलाई एउटै चुनाव चिह्न र उस्तै झण्डा निर्वाचन आयोगले दिन सक्दैन । पार्टी विधानअनुसार र देश संविधानअनुसार चल्नुपर्छ ।
>
> **■ प्रदीप पौडेल**
>
> *महामन्त्री, नेपाली कांग्रेस*

> हामीलाई सर्वोच्च अदालतले निस्सा दिएको छ । यो भनेको निर्वाचन आयोगले गरेको निर्णय त्रुटिपूर्ण छ भनेको हो । त्यसैले कांग्रेसकै नाममा हामी महाधिवेशन गर्दै छौं ।
>
> **■ दीपक कुइकेल**
>
> *देउवा समूहका नेता*

भनेको हो । त्यसैले कांग्रेसकै नाममा हामी महाधिवेशन गर्दै छौं,' संयोजक कुइँकेलले भने ।

विशेष महाधिवेशनपछि गगन नेतृत्वको कांग्रेस नै आधिकारिक भन्दै निर्वाचन आयोगले मान्यता दिएपछि देउवापक्ष सर्वोच्च अदालत पुगेको थियो । अदालतले आयोगकै निर्णयलाई सदर गरेपछि साउन ६ गते देउवा र साउन १२ गते पूर्णबहादुर खड्काले यसअघिको फैसलामा त्रुटि भएको दावी गर्दै पुनरवलोकनको माग गरेर निवेदन दिएका थिए ।

उक्त मागमा साउन २१ गते सर्वोच्चले कांग्रेसको आधिकारिकता विवादमा भएको फैसला पुनरवलोकनको अनुमति दिएको हो । प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीश नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले यसअघिको फैसला पुनरावलोकन गर्न अनुमति दिएको हो ।

यही आधारमा आफूहरूको महाधिवेशन तयारी अघि बढेको कुईकेल बताउँछन् । सर्वोच्चमा मुद्दा हुँदैमा कांग्रेसको नाममा अर्को महाधिवेशन मान्य नहुने महामन्त्री पौडेल बताए ।

सर्वोच्चमा अहिले संसद पुनस्थापनाको मुद्दा रहेको उल्लेख गर्दै मुद्दा हुँदैमा त्यही सत्य नहुने महामन्त्री पौडेलको भनाई थियो । 'संसद पुनस्थापनाको मुद्दा छ, सर्वोच्चमा । अब यो भन्दैमा अहिलेका संसद बन्द गर्ने त ? कसलाई छैन मुद्दा ?' पौडेलले प्रतिप्रश्न गरे ।

कांग्रेस पूर्व सभापति देउवाले पनि हरेक सम्बोधनमा आफूहरूले सर्वोच्चबाट न्याय पाउने बताउँदै आएका छन् । देउवाले आफू पञ्चायतकालबाटै अन्यायको विरुद्धमा लड्दै आएको उल्लेख गर्दै सर्वोच्चप्रति पुरा भरोसा रहेको बताउँदै आएका छन् । 'हिजो मलाई पञ्चायतकालमा नियन्त्रणमा राखेको थियो । अदालतको फैसलाले छाडिदियो । पूर्वराजा ज्ञानेन्द्रका पालामा पनि शाही आयोगले मलाई थुनेको थियो। सर्वोच्चले राजाको अगाडि छाड्ने के हिम्मत गर्ला र भन्ने लागेको थियो, त्यो बेला पनि छाडेको थियो । यसपटक पनि विश्वास छ, न्यायाधीश कतै नबिकेमा सर्वोच्चले हाम्रै पक्षमा निर्णय गरिदिने छ,' देउवाले भन्दै आएका छन् ।

महाधिवेशनको पूर्वसन्ध्यामा बुधबार कांग्रेस वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले सबैलाई मूलघरमा फर्कन आग्रह गरेका छन् । दुवै पक्षबाट कमजोरी भएको उल्लेख गर्दै वरिष्ठ उपसभापति शर्माले यसको समीक्षा घरभित्रै गर्न सकिने बताए । 'प्रतिक्रियापछि प्रतिक्रिया र फेरि पनि प्रतिक्रियामात्रैले कहीं पुगिन्न । मुल प्रश्न विधि, विधान, पद्धति, प्रवृत्ति, प्रक्रिया, परिस्थिति, मनस्थिति र समयको हो । अत सबैमा नम्र आग्रह छ- आउनोस् , अब कोही नअल्मलिऔं, सबै जुटौं मूल बाटोमा ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीमा हुथी आक्रमणमा नेपाली मिक प्रभावित हुने क्रम रोकिएन

**मंगलबार रियादको किङ अब्दुल्लाह फाइनान्सियल डिस्ट्रिक्टस्थित एक भवन लक्षित आक्रमणमा तीन जना नेपाली श्रमिक घाइते भएका छन् । उक्त घटनामा कूल ११ जना घाइते भएका थिए, जसमा तीन जना नेपाली, दुई जना भारतीय, दुई जना साउदी र चार जना इजिप्टका नागरिक छन् ।**

■ प्रभाव संवाददाता



**काठमाडौं**– साउदी अरबमा हुथी विद्रोहीको आक्रमणमा परेर यो वर्ष एक जना नेपाली श्रमिकको मृत्यु हुँदा छ जना घाइते भएका छन् । पछिल्लो समय साउदीका विमानस्थल, तेल प्रशोधन केन्द्र र अन्य महत्त्वपूर्ण पूर्वाधार लक्षित आक्रमणमा नेपाली श्रमिकसमेत प्रभावित भएका हुन् ।

पछिल्लोपटक नोभेम्बर २४ (मंगलबार) मा रियादको किङ अब्दुल्लाह फाइनान्सियल डिस्ट्रिक्टस्थित एक भवन लक्षित आक्रमणमा तीन जना नेपाली श्रमिक घाइते भएका छन् । उक्त घटनामा कूल ११ जना घाइते भएका थिए, दुई जना भारतीय, दुई जना साउदी र चार जना इजिप्टका नागरिक छन् ।

यसअघि गत अक्टोबर ११ मा रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणमा दुई जना नेपाली घाइते भएका रिपोर्ट सार्वजनिक भएको थियो । त्यस्तै, अक्टोबर २१ मा साउदी अराम्कोको शायबाह तेल क्षेत्रमा भएको ड्रोन आक्रमणमा महोत्तरीका भरत महत्तोको मृत्यु भयो । सोही दिन दमामस्थित किङ फहद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणमा एक जना नेपाली घाइते भएका थिए ।

यी चार घटनामा एक जना नेपालीको मृत्यु र छ जना घाइते भएका हुन् । साउदीमा करिब चार लाख नेपाली श्रमिक कार्यरत छन् । उनीहरू निर्माण, सुरक्षा, सेवा, होटल, यातायात लगायतका क्षेत्रमा काम गर्छन् । केही समययता जारी युद्धका कारण उनीहरूको रोजगारीसँगै व्यक्तिगत सुरक्षासमेत जोखिमपूर्ण बनेको छ । हुथी विद्रोहीले साउदीका विमानस्थल र तेल पूर्वाधारलाई लक्षित गरेपछि श्रमिकको दैनिक जीवनसमेत प्रभावित भएको छ । अर्कोतर्फ आक्रमणका कारण हवाई उडान अवरुद्ध हुँदा बिदामा नेपाल आउन चाहने र करार अवधि सकिएर स्वदेश फर्किन खोज्ने श्रमिकहरूसमेत उडान रद्द हुने, ढिलाइ हुनेलगायतका समस्यामा परिरहेका छन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित समाचारका अनुसार अक्टोबर ८ देखि २५ सम्म साउदीका विमानस्थलबाट हुने निर्धारित उडानमध्ये करिब ४५ प्रतिशत रद्द भएका थिए । रियादको किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा रद्द भएका उडानको अनुपात ८६ प्रतिशत पुगेको थियो । नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले अक्टोबर ११ यता १५ भन्दा बढी निर्धारित उडान रद्द गरेका थिए । जसकारण बिदा सकिएका र करार अवधि पूरा भएका श्रमिकहरू स्वदेश फर्किन नपाएर समस्यामा परेका थिए । कतिपय श्रमिकले उडानका लागि अर्को सहर पुग्नुपरेको थियो ।

क्रमशः पृष्ठ २ मा

## कोशीका मुख्यमन्त्री कार्की राजीनामा नदिने अडानमा

■ प्रभाव संवाददाता



**काठमाडौं**– कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलाई हटाउन उनकै दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जोडबल गरिरहेका बेला कार्कीले भने तत्काल राजीनामा नदिने अडान लिएका छन् । पार्टीभित्रैबाट नेतृत्व परिवर्तनको दबाब बढिरहेका बेला सत्ता साझेदार नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले समेत कार्कीलाई साथ दिएपछि कोशी प्रदेशको सत्ता राजनीति थप पेचिलो बनेको छ ।

एमालेभित्र मुख्यमन्त्री कार्कीलाई हटाएर अर्का नेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने प्रयास भइरहेको छ । एमालेका प्रदेश इञ्चार्ज शेरधन राई, प्रदेश अध्यक्ष घनश्याम खतिवडालगायत नेताहरूले कार्कीको विकल्प खोज्न अध्यक्ष ओलीसमक्ष दबाब दिँदै आएका छन् । उनीहरूकै दबाबपछि ओलीले कार्कीलाई राजीनामा दिन निर्देशन दिएको खबर सार्वजनिक भएको छ ।

तर, कार्कीले पार्टीको संस्थागत निर्णयविना राजीनामा नदिने बताएका छन् । उनले बुधबार विराटनगरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सत्ता साझेदार नेकपाका नेताहरूसँग छलफल गरेका थिए । छलफलमा राजीनामाको विषय उठाउँदै उनले आफूले अब के गर्नुपर्ने हो भन्नेबारे सुझाव मागेका थिए ।

छलफलमा सहभागी नेकपा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोका अनुसार कार्कीले राजीनामा दिनुपर्ने दबाब आइहाले के गर्ने भन्ने जिज्ञासा राखेका थिए । 'उहाँले राजीनामा दिने दबाब आइहाले के गरौं भनेर सुझाव पनि माग्नुभयो,' आङ्बोले प्रभावसँग भने, 'हामी राजीनामाका पक्षमा छैनौं । प्रदेशलाई अस्थिर पार्ने, बदनामी कमाउने पक्षमा छैनौं । तपाईंकै निरन्तरताको पक्षमा छौं भन्यौं र उहाँले पनि राजीनामा दिने मुडमा नरहेको भन्नुभयो ।'

आङ्बोले एमालेको आन्तरिक विवादका कारण मुख्यमन्त्री परिवर्तन गर्न खोजिए नेकपाले त्यसलाई सहजरूपमा स्वीकार नगर्ने बताएका छन् । एमालेकै कारण सरकार परिवर्तन गर्नुपर्ने अवस्था आए नेकपाले आफ्नै नेतृत्वमा सरकार गठनको पहल गर्ने उनको भनाइ छ ।

> अध्यक्ष ओलीले राजीनामा दिनू भने पनि कार्की नदिने पक्षमा
>
> कार्कीलाई मुख्यमन्त्रीबाट राजीनामा नदिन नेकपाको सल्लाह
>
> कार्कीलाई हटाएर आदिवासी लिम्बू समुदायका तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने ओली चाहना
>
> एमालेका आदिवासी नेता कार्यकर्ता श्रम संस्कृति पार्टीमा गइरहेपछि मेन्याङ्बोलाई मुख्यमन्त्री बनाएर रोक्ने ओली रणनीति

क्रमशः पृष्ठ २ मा

# कामपामा अटिजम भएका बालबालिकाका लागि विद्यालय तथा अनुसन्धान केन्द्र बन्दै

काठमाडौं (प्रस)- काठमाडौं महानगरपालिका-२९ अनामनगरमा अटिजम भएका बालबालिकाका लागि निर्माण हुने विद्यालय तथा अनुसन्धान केन्द्रको भवन शिलान्यास गरिएको छ ।

कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले बुधबार सो भवनको शिलान्यास गरेकी हुन् । कार्यक्रममा उनले अटिजम तथा बौद्धिक अपांगता भएका बालबालिकाले पढ्न सक्छन् कि सक्दैनन् भन्ने प्रश्नभन्दा उनीहरूको फरक आवश्यकतालाई सम्बोधन गर्न शिक्षा प्रणालीसक्षम छ कि छैन भन्ने विषय महत्त्वपूर्ण भएको बताइन् ।

समाजमा अटिजम तथा बौद्धिक अपांगता भएका बालबालिकाको शिक्षाबारे गरिने प्रश्न नै गलत रहेको बताउँदै कावा प्रमुख डंगोलले सबैले परिकल्पना गरेको मानवताको र करुणाको सहर निर्माण गर्ने अभियानमा अटिजम विद्यालय तथा अनुसन्धान केन्द्रको स्थापनाले एउटा महत्त्वपूर्ण इँटा थप्ने विश्वास व्यक्त गरिन् ।

अटिजम भएका बालबालिकाको संवाद गर्ने, सिक्ने, बोल्ने र व्यवहार गर्ने तरिका फरक हुने भएकाले उनीहरूको आवश्यकताअनुसार शिक्षा र व्यवहार आवश्यक रहेको उनको भनाइ थियो ।



काठमाडौं महानगरपालिका-२९ का वडाध्यक्ष कुशकुमार ढकालले अटिजम भएका विद्यार्थीको सिप तथा ज्ञान अभिवृद्धि गर्न, तालिम तथा अध्ययन अनुसन्धान गर्न तथा यस्ता बालबालिकाका अभिभावकको सहायताका लागि भवन बहुउपयोगी विश्वास व्यक्त ज गरे ।

भवन निर्माणका लागि १० करोड ९१ लख ७९ हजार रूपैयाँ लागत अनुमान गरिएकामा सार्वजनिक खरिद प्रक्रियाबाट भवन निर्माणका लागि नौ करोड ७७ लाख ४५ हजार रूपैयाँमा सम्झौता भएको छ । भवनको भूमिगत तलामा ३० वटा दुई पांग्रे सवारीसाधन पार्किङ गर्ने ठाउँ हुने छ ।

पृष्ठ १ बाट क्रमशः

## देउवाले कांग्रेसकै...

हामी जसको जे कमजोरी भयो, त्यसको गम्भीर समीक्षा घरभित्रै गरौं । मन माझौं- घरभित्रै । मन जोडौं- घरभित्रै । आखिर हामी सबै जान्दछौं- प्रश्न यहाँ कांग्रेसको होइन, प्रश्न देशको छ,' शर्माले भनेका छन् ।

### विद्युतीय मतदात गर्दै देउवा पक्ष

देउवा पक्षले नयाँ कार्यसमितिका लागि खुल्लामञ्चमा मतदान गराउने भएको छ । देउवा पक्षले महाधिवेशनको मतदात विद्युतीय मेसिन प्रयोग गर्ने तयारी गरेको छ । 'भोटिङ इलेक्ट्रोनिक हुने भएको छ । यसका लागि रामलक्ष्मण मेसिनको टुंगो लागेको छ,' नेता कुइँकेलले भने । संस्थापन पक्षले पनि खुल्लामञ्चमै निर्वाचन गरेको थियो । यद्यपि, संस्थापनले मतपेटिका नै प्रयोग गरेको थियो ।

■■■

## न्यायिक परीक्षणमै...

यद्यपि अदालतले मुद्दालाई लामो समयसम्म अनिर्णीत राख्न नहुने जनाएको छ । रिट निवेदनको महत्त्व, गम्भीरता र संवेदनशीलतालाई ध्यान दिँदै लिखित जवाफ प्राप्त भएपछि वा त्यसका लागि तोकिएको अवधि सकिएपछि सात दिनभित्र पेसी चढाउन आदेश दिएको छ । साथै, पेसी स्थगित गर्न नपाउने गरी दुवै पक्षलाई पूर्वसूचना दिन पनि भनिएको छ ।

सर्वोच्च अदालतका रजिस्ट्रार दाहालका अनुसार मुद्दामा विपक्षीहरूको लिखित जवाफ आउन बाँकी छ । लिखित जवाफ प्राप्त भएपछि अन्तिम सुनुवाइका लागि इजलासमा पेस हुने छ । 'लिखित जबाफ पेस भइसकेपछि अन्तिम सुनुवाइका लागि इजलासमा पेस हुन्छ,' दाहालले भने ।

यसअघि मुद्दाको प्रारम्भिक सुनुवायको क्रममा कार्कीपक्षीय कानुन व्यवसायीहरूले पदावधि नसकिँदै विनाकारण हटाएको भन्दै पदमा बहाली गर्न माग गरेका थिए । आइजिपीको अनुहार मन परेन भनेर लुक्लामा सरुवा गर्न नमिल्ने तर्क पनि उनीहरूको थियो । कार्की पक्षबाट वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, सतीशकृष्ण खरेलगायतले बहस गरे ।

कार्कीलाई आइजिपीबाट हटाउने सरकारको कदमलाई विपक्षी दलहरूले कडा शब्दमा विरोध गरेका छन् । कार्कीलाई आइजिपीबाट हटाउने निर्णयलाई प्रहरी संगठनभित्र वालेन्द्र सरकारले हस्तक्षेप गरेको अर्थमा टिप्पणी उनीहरूले टिप्पणी गरिरहेका छन् ।

यसलाई तीन दशकअघि लोकेन्द्रबहादुर चन्द सरकारले गरेको प्रहरी नेतृत्व परिवर्तनसँग पनि तुलना गर्न थालिएको छ । २१ चैत २०५३ मा चन्द नेतृत्वको मन्त्रिपरिषद्ले आइजिपी अच्युतकृष्ण खरेललाई हटाएर ध्रुवबहादुर प्रधानलाई नयाँ आइजिपी नियुक्त गरेको थियो । खरेललाई राष्ट्रिय अनुसन्धान विभागको प्रमुख बनाउने निर्णय गरिएको थियो ।

सरकारको निर्णयविरुद्ध खरेल पनि सर्वोच्च अदालत पुगेका थिए । तर, सर्वोच्चबाट अन्तिम फैसला आउनुअघि नै सरकार परिवर्तन भयो । परिवर्तित सरकारले २०५४ मङ्सिर २६ गते खरेललाई पुनः आइजिपीमा बहाली गऱ्यो । त्यसको सात महिनापछि मात्रै सर्वोच्चले उनको रिटमा अन्तिम निर्णय सुनाएको थियो ।

अहिलेको कार्की प्रकरण र तत्कालीन खरेल प्रकरणबीचको समानता सरकारको निर्णयबाट प्रहरी नेतृत्व परिवर्तन हुनु र त्यसविरुद्ध सर्वोच्चमा न्यायिक चुनौती पुग्नु हो । तर, दुवै घटनाको कानुनी र राजनीतिक परिस्थिति फरक छन् । कार्कीको हकमा तत्काल अन्तरिम आदेश नआए पनि मुद्दाको अन्तिम फैसला आउन बाँकी छ । त्यसैले सर्वोच्चको बुधबारको आदेशले सरकारको निर्णयलाई अन्तिम न्यायिक वैधता दिएको अर्थमा बुझ्न मिल्दैन ।

■■■

## साउदीमा हुथी

हुथी विद्रोहीले आक्रमण नरोके पनि सुरक्षाको दृष्टिकोणले नेपालीहरू अप्ठ्यारो अवस्थामा नरहेको जानकारी प्राप्त भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव हिराबहादुर डाँगीले बताए । 'कहाँ-कहाँ आक्रमण हुन्छ भन्ने थाहा हुँदैन । तर आक्रमणहरू भइरहे पनि त्यहाँका नेपालीहरूलाई अप्ठ्यारो नभएको जानकारी हामीलाई प्राप्त भएको छ । श्रमिकहरू आफ्नो काम गरिरहेका छन्,' डाँगीले भने ।

नेपालस्थित परराष्ट्र मन्त्रालय र साउदीस्थित नेपाली दूतावासले पनि श्रमिकको सुरक्षाबारे चासो देखाउँदै आएका छन् । दूतावासले विभिन्न समयमा सूचना जारी गर्दै सुरक्षा सतर्कता अपनाउन, स्थानीय प्रशासनको निर्देशन पालना गर्न र जोखिमको सूचना जारी भएका बेला घरभित्रै बस्न आग्रह गरेको छ । साथै, हवाई यात्रा गर्नुअघि उडानको अवस्था सम्बन्धित विमान कम्पनी वा आधिकारिक निकायबाट बुझ्न पनि अनुरोध गर्दै आएको छ ।

नेपालको वैदेशिक रोजगार खाडी मुलुकमा निर्भर छ । ती मुलुकहरूमा कार्यरत लाखौं नेपालीले पठाउने विप्रेषणले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । तर गन्तव्य मुलुकमा तनाव बढ्दा रोजगारी गुम्ने, आवागमन अवरुद्ध हुने र ज्यान जोखिममा पर्ने अवस्था सिर्जना हुने गरेको छ ।

■■■

## कोशीका मुख्यमन्त्री...

यता, ओलीले भने कार्कीको विकल्पमा मेन्याङ्बोलाई अघि सार्ने तयारी गरेका छन् । यसअघि साउन २० गते ओली, कार्की, प्रदेश अध्यक्ष खतिवडालगायत नेताहरूबीच दसैं-तिहारपछि मुख्यमन्त्रीले राजीनामा दिने समझदारी भएको एमालेका केही नेताहरूको दाबी छ ।

एमाले सचिव शेरधन राईले पनि कार्कीले यसअघि राजीनामा दिने प्रतिबद्धता जनाएको आफूले सुनेको बताएका छन् । 'उहाँले त्यसबेला अध्यक्षलाई राजीनामा दिन्छु भन्नुभएको थियो भनेर छलफलमा सहभागी साथीहरूले भन्नुभएको छ । अब त्यो प्रतिबद्धता कार्यान्वयन हुन्छ होला,' उनले भने ।

तर, कार्कीका प्रेस सल्लाहकार विक्रम लुइँटेलले ओलीबाट राजीनामा दिन कुनै दबाब नआएको दाबी गरेका छन् । 'अध्यक्षबाट दबाबको कुनै फोन आएको छैन । बाहिर आएका कुरा सबै हल्लामात्रै हुन्,' उनले भने ।

संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री बनेका कार्कीले यसअघि पनि पद नछाड्ने अडान लिँदै आएका थिए । पदबाट राजीनामा दिँदा प्रदेशमा राजनीतिक अस्थिरता निम्तिने बताउने गरेका छन् । हुन पनि कार्कीले राजीनामा दिए प्रदेश संसद् विघटन हुने र मध्यावधि निर्वाचनमा जानुपर्ने अवस्था आउने आङ्बोले बताए ।

एमाले अध्यक्ष ओलीले भने कोशी प्रदेशका जिल्लाहरूमा खासगरी एमालेका आदिवासी जनजाति नेता कार्यकर्ताहरू हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीमा गइरहेपछि कार्कीलाई राजीनामा दिन लगाएर आदिवासी लिम्बू समुदायका तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने पक्षमा छन् ।

त्यसो गर्दा पार्टीबाट आदिवासी जनजाति समुदायका नेता कार्यकर्ताहरू श्रम संस्कृति पार्टीमा जानबाट रोकिन सक्ने बुझाई ओलीको रहेको उनीनिकट एक नेताले बताए । मेन्याङ्बो ताप्लेजुङका हुन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७८/०५/२७ मा दर्ता भएको श्री **रिलेक्स क्याफे प्रा. लि. (प्रा. लि. नं. २७१४६६)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०९/०२ मा दर्ता भएको **प्रा.लि.नं. १८००२६** को **सिध्देश्वर नाथ कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/१०/२४ मा दर्ता भएको यस **ड्रिम ईन्स्टिच्यूट अफ मोडेलिङ एण्ड फेसन प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २०८३५०) कम्पनी यस कार्यालयको मिति २०८३/०५/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६२/०१/१९ मा दर्ता भएको प्रा.लि.नं. ३४१२६ को **रारा म्युजिक कन्सर्न प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०६६/०१/०९ मा दर्ता भएको **नेचर अर्गानो प्रोडक्टस प्राइभेट लिमिटेड (प्रा.लि. नं. ६२१३२)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७८/०६/११ मा दर्ता भएको **हिमालय हेल्थ होम प्राइभेट लिमिटेड (प्रा.लि. नं. २७३३८४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७५/०४/२२ मा दर्ता भएको **भारदा इन्टरनेशनल प्राइभेट लिमिटेड (प्रा.लि. नं. १९५२६३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७८/०४/२६ मा दर्ता भएको **बरहथवा मार्ट प्राइभेट लिमिटेड (प्रा.लि. नं. २६७५४५)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

हकदावीको सूचना

सुदूरपश्चिम प्रदेश, कन्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वडा नं. ०४ बस्ने सागर बहादुर सिंहको नाती, नर बहादुर सिंहको छोरा, रोशनी देवी सिंहको श्रीमान, श्री प्रकाश बहादुर सिंहको मिति वि.सं. २०८३/०७/०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०८३०५०८०३९३२४९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजकी श्रीमती श्री रोशनी देवी सिंहले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB शाखा कार्यालय, महेन्द्रनगर
फोन नं.: ०९९-५९०२२६, ५९०२२७

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०६६/०२/०७ मा दर्ता भएको **दिप रिसर्च एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राइभेट लिमिटेड (प्रा.लि. नं. ६२९२३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मितिः २०८३/०८/१०

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८३/०८४ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि मिति २०८३/०६/३० राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार औसत रकम संग सबैभन्दा नजिक रहेका सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन (दोश्रो संसोधन २०८३ समेतको) २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| ठेक्का न. | कामको विवरण | फर्मर कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 05/NCB/DSMC/ 2083/084 | Construction of Side Drain Works (Janata Marg, Birendra Marg & Ganesh Marg) at Ward No. 03 DSMC | श्री टि. डि. विल्डर्स धनगढी, कैलाली | रू. ३३,५१,९७८/९९ मु. अ. क. बाहेक |
| 06/NCB/DSMC/ 2083/084 | Construction of Blacktop Road Works (Jay Bdr. Thapa House to Manisha's House and Gambhir Singh House to East) at Ward No. 03 DSMC | श्री टि. डि. विल्डर्स धनगढी, कैलाली | रू. २४,९२,९४०/३९ मु. अ. क. बाहेक |

प्रशासकीय अधिकृत

मोटरसाइकल हराएको सूचना

मिति २०८३/०८/०८ गते का.जि.का.म.पा-३१, अम्बिका बाँसुकीमार्ग KC Mite विजन खाजाघर स्थित सडक खण्डमा पार्किङ गरि राखेको अवस्थामा हरियो रङ्गको ३५० सी.सी.को रोयल इन्फिल्ड मोटरसाइकल अन्दाजी रातको १०:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : शुसान्त तामाङ
बाइक नं.: बा.प्र. ०२-०७० प ६३८७
च्यासिस नं.: ME3J3C5FGTN000568
इन्जिन नं. : J3A5FGT2058670
ठेगाना : पञ्चकन्या गा.पा.- ०४, नुवाकोट
सम्पर्क नं. ९८४००२२९६४

मोटरसाइकल हराएको सूचना

मिति २०८३/०८/०८ गते ल.म.न.पा- ०४, धोबिघाट मलपोखरी, ललितपुर अगाडी किर्तिपुर जाने सडक खण्डस्थित साईडमा पार्किङबाट कालो-रातो रङ्गको २२० सी.सी.को पल्सर मोटरसाइकल अन्दाजी रातको २४:२० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : सुरेश कुमार राई
बाइक नं.: बा.प्र. ०२-०६१ प ३६२०
च्यासिस नं.: MD2A13EX25CC84500
इन्जिन नं. : DKXCSC28653
ठेगाना : ल.म.न.पा- ०४, धोबिघाट, ललितपुर
सम्पर्क नं. ९८५१०८२८२१

सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक २०० मंसिर ९ गते २०८३ मा प्रकाशित Green Tara International Overseas Services Pvt. Ltd. को LT No. 350728 भएको Transguard Group Llc कम्पनीमा आवश्यक कामदार Cleaners (Male) 150 र Cleaners (Female) 50 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Green Tara International Overseas Services Pvt. Ltd.
Devender Marga, Jawalakhel, Lalitpur, Tel: +977-01-5440215/16
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

भेनस ब्रिज एकेडेमी एण्ड कन्सल्टेन्सी प्रा.लि.(लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

सूचना प्रकाशित मिति : २०८३/०८/१० गते

कम्पनी ऐन २०६३ बमोजिम २०७८/०४/१० मा दर्ता भएको (प्रा.लि.नं.२६५४३२/०७८/०७९) को **भेनस ब्रिज एकेडेमी एण्ड कन्सल्टेन्सी प्रा.लि.**लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/८/७ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले **३५ (पैतिस) दिन**भित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

रमेशहरि अधिकारी (लिक्विडेटर)
दामासाही प्र.प.नं.५४७, मो.नं.९८४२६३८३६७

हकदावीको सूचना

मधेश प्रदेश, धनुषा जिल्ला, लक्ष्मीनियाँ गाउँपालिका, वडा नं. ७ स्थायी ठेगाना बस्ने राम पृत खत्वेको नाती, राम विनय मण्डलको छोरा, रबि कुमार मण्डलको मिति २०८३/०५/१० गतेका दिनमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १७६०५४२०२५१०६८ मा भएको सम्पूर्ण रकम रबि कुमार मण्डलको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको बुवा राम विनय मण्डलले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकलाई दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB शाखा कार्यालय, लक्ष्मीनियाँ, धनुषा
फोन नं.: ९८५४०२०१०१

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

दर्भन सिंह भुजेलको नाति, भक्त बहादुर भुजेलको छोरा, धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ बस्ने अजित कुमार भुजेल (ना.प्र.नं. ८३५, जि.प्र.का धनकुटा, जारी मिति २०५९/०५/१०) ले यस बैंकको धरान शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला अजित कुमार भुजेलको मिति २०८२/०८/२६ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनि निज मृतकको पत्नी सविता भुजेल ले मिति २०८३/०७/२७ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धरान

# सरकारी कामकाजको भाषा ऐन प्रभावकारी कार्यान्वयन गर्न ध्यानकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं**– बागमती प्रदेशमा सरकारी कामकाजको भाषा (तामाङ र नेपाल भाषा) ऐन कार्यान्वयन प्रभावकारी नभएकोमा नेपाल तामाङ घेदुङ र नेवाः देय दबुले बागमती प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् ।

ऐन पारित भएको चार वर्ष हुन लाग्दा पनि नियमावली र कार्यविधिसमेत नबनेकोमा चिन्ता व्यक्त गर्दै प्रभावकारी कार्यान्वयनमा ध्यान दिन दुवै संस्थाले बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर, उद्योग, पर्यटन तथा यातायातमन्त्री राजेन्द्र प्रजापति र मन्त्रालयका सचिव दिनेश सुवेदीसँग भेटेर ध्यानाकर्षण गराएका हुन् । त्यस क्रममा मुख्यमन्त्री थापामगर र मन्त्री प्रजापतिले अब छिट्टै नियमावली, कार्यविधि, प्रदेशस्तरीय प्रतिष्ठान र परिषद् बन्ने जानकारी गराएको नेपाल तामाङ घेदुङका महासचिव लिलाकुमार ग्लान तामाङले जानकारी दिए ।

उनका अनुसार भाषा ऐन कार्यान्वयनका लागि विज्ञ समूह गठन गर्ने सम्बन्धमा पनि छलफल भएको छ । मुख्यमन्त्री थापामगरले भाषा ऐन कार्यान्वयनका लागि नियमावली र कार्यविधि निर्माण गर्ने काम भइरहेको बताउँदै छिट्टै ऐनअनुसारको विज्ञ समूह गठन गर्नुका साथै प्रज्ञा प्रतिष्ठान निर्माण गर्ने काम हुने बताएका छन् ।

मंगलबार भएको उक्त भेटमा सांसदहरूको पनि उपस्थिति रहेको थियो । छलफलमा नेवाः देय दबूकी अध्यक्ष रश्मिला प्रजापति, संरक्षक पवित्र बज्राचार्य, उपाध्यक्ष दक्षनारायण श्रेष्ठ, महासचिव श्रीकृष्ण महर्जन, केन्द्रीय सदस्य विष्णुगोपाल महर्जन, उपत्यका विशेष प्रदेशका अध्यक्ष नविन थेच्वमी, नेपाल तामाङ घेदुङका महासचिव तामाङलगायतको सहभागिता रहेको थियो ।

मंगलबार नै हेटौंडास्थित बागमती प्रदेशको पर्यटन तथा उद्योग मन्त्रीको कार्यालयमा पर्यटनमन्त्री राजेन्द्र प्रजापतिसँग पनि भाषा ऐन कार्यान्वयन गर्न नियमावली बनाउने, विज्ञ समूह गठन गर्ने र प्रज्ञा प्रतिष्ठान निर्माण गर्ने विषयमा छलफल भएको थियो । छलफलका क्रममा भाषा ऐन कार्यान्वयनका लागि नेवाः देय दबू र नेपाल तामाङ घेदुङसँग सहकार्य गर्दै आवश्यक काम अगाडि बढाइने मुख्यमन्त्री थापामगर र पर्यटनमन्त्री प्रजापतिले प्रतिबद्धता जनाएका छन् ।

# यौन हिंसासम्बन्धी विधेयक संशोधनको माग

■ प्रभाव संवाददाता

**काठमाडौं**– प्रतिनिधिसभाका सांसदहरूले यौन हिंसासम्बन्धी प्रस्तावित विधेयक अधुरो र अपुरो रहेकाले त्यस संशोधन गरी पूर्णता दिनुपर्नेमा जोड दिएका छन् ।

लैंगिक हिंसा अन्त्यका लागि ऐक्यबद्धताः पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चिता नारासहित बुधबारदेखि सुरु भएको लैंगिक हिंसाविरुद्ध १६ दिने अभियानसम्बन्धी अन्तर्क्रियामा सांसदहरूले यौन हिंसासम्बन्धी आवश्यक कानुन संशोधन गर्नुपर्नेमा जोड दिएका हुन् । प्रस्तावित विधेयकमा थप पाँचवटा बुँदा सुधार गर्नुपर्ने आवश्यकता रहेको उनीहरूको भनाइ थियो ।

महिला, कानुन र विकास मञ्च र इक्वुलिटी नाउले आयोजना उक्त कार्यक्रममा प्रस्तावित विधेयकलाई आवश्यक सुधार गरी गुणस्तरीय बनाउन नसकिएमा भविष्यमा निर्माण हुने कानुन अधुरो र अपुरो हुने सांसदहरूको भनाइ छ ।

नेकपा एमालेकी सचेतक नीता घतानीले बदलिँदो परिस्थितिलाई समेट्नेगरी कानुन निर्माण हुनुपर्नेमा जोड दिइन् । राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद सरस्वती लामाले यौन हिंसाका पीडकलाई अन्य अपराधीसरह सजाय दिएरमात्र नपुग्ने भएकाले विशेष सजायको व्यवस्था हुनुपर्ने धारणा राखिन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) की सांसद बलावती शर्माले यौन हिंसासम्बन्धी अपराधमा कठोर सजायको व्यवस्थाको प्रावधान राखिनुपर्ने धारणा व्यक्त गरिन् ।

छलफलमा सहभागी अन्य सांसदले पनि यौन तथा लैंगिक हिंसा अन्त्यका लागि प्रभावकारी कानुन बनाउन ढिला गर्न नहुनेमा जोड दिए । यौन हिंसासम्बन्धी विषय गम्भीर भएकाले हतारमा कानुन निर्माण गरेर पछुताउनेभन्दा पहिले व्यापक छलफल गरेर प्रक्रिया अगाडि बढाउनु बुद्धिमानी हुने उनको भनाइ छ ।

मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले मन्त्रालयले तयार पारेको विधेयकमा जबर्जस्ती करणी, वैवाहिक बलात्कार र हद म्यादसम्बन्धी प्रस्तावित विधेयकमा सुधार आवश्यक रहेको बताए । वार्षिकरूपमा हुने अपराधको २९ प्रतिशत लैंगिक हिंसाका घटना रहेको तथ्यांक छ । कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार ७८.५ प्रतिशत अभियुक्त पीडितका परिचित व्यक्ति रहेको छ । त्यसबाट ६२.४ प्रतिशत बालिका पीडित रहेको तथ्यांक प्रस्तुत गरिएको थियो । यसैगरी हदम्यादका सम्बन्धमा पनि न्यायमा पीडितको पहुँच सुनिश्चित गर्न र अपराधीलाई उम्किन नदिने व्यवस्थाका लागि सुझाव दिइएको छ ।

# अभिभावकविहीन बालबालिकाको हेरचाहमा पारिवारिक प्रणालीलाई प्राथमिकता दिनुपर्ने

**काठमाडौं (प्रस)**– महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता वादीले अभिभावकको संरक्षणबाट वञ्चित बालबालिकाको हेरचाहमा संस्थागत व्यवस्थाभन्दा परिवारमा आधारित वैकल्पिक हेरचाह प्रणालीलाई प्राथमिकता दिनुपर्ने बताएकी छन् ।

राष्ट्रिय तथ्यांक कार्यालय र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) को आयोजनामा बुधबार ललितपुरमा आयोजित बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी क्रियाकलापको अन्तर्राष्ट्रिय वर्गीकरण (आइकेयर) सम्बन्धी राष्ट्रिय अन्तरक्रियामा उनले बालबालिकाको सर्वोत्तम हित, भावनात्मक सुरक्षा र सर्वांगीण विकासका लागि पारिवारिक वातावरण अपरिहार्य रहेको बताइन् ।

'संस्थागत हेरचाहलाई अन्तिम विकल्पका रूपमा सीमित गर्दै पारिवारिक पुनर्मिलन, नातेदारको हेरचाह र संरक्षित परिवारजस्ता परिवारमा आधारित वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्नु नै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने दिगो र मानवीय मार्ग हो,' उनले भनिन् ।

मन्त्री वादीले बालबालिकासम्बन्धी सूचना व्यवस्थापन प्रणाली र सामाजिक सूचना व्यवस्थापन प्रणालीलाई स्थानीयकरण गरी प्रदेश तथा स्थानीय तहसम्म विस्तार गर्ने काम मन्त्रालयले अघि बढाएको जानकारी दिइन् । स्थानीय तहबाटै बालबालिकाको नियमित र यथार्थ तथ्यांक संकलन हुन सके राष्ट्रियस्तरमा उनीहरूको अवस्थाको स्पष्ट चित्र प्राप्त हुने उनको भनाइ थियो ।

आइकेयर वर्गीकरण प्रणालीले औपचारिक बालगृहदेखि नातेदारको हेरचाह, अनौपचारिक संरक्षण तथा अन्य वैकल्पिक हेरचाहका स्वरूपलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार परिभाषित र वर्गीकरण गर्ने भएकाले नेपालको सन्दर्भअनुकूल सूचक निर्माण गर्नुपर्नेमा उनले जोड दिइन् ।


**साउदीमा रोजगार** कम्पनी : BONOD ALLIMDAD COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०८/०८ | LT. No. 350806 | चलानी नं. ६०१६३८१२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaner | 1 | 0 | 1500 | ५४,३६८ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | निःशुल्क | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कोठाहरुमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माँग्नुहोला । ४) विदेश जानुअघि अधिकृतिकरण वा इन्डोर्समेन्ट तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठुलिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क गर्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.**

Pinglasthan- 9 Gaushala Kathmandu, Nepal,Tel: +977-1-4586946 / 4592505 , Fax: +977-01-4485069, Prem Raj Lawati (9841414231)

श्रम इजाजत नं. ४४४ - ०७० - ०७१



**साउदीमा रोजगार** कम्पनी : TURKI MURSHID BIN ATIQ AL-HARBI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 344159 | चलानी नं. ६०१५७५२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 18 | 0 | 1000 | ३९,५७९ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | १०,०००/- | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कोठाहरुमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माँग्नुहोला । ४) विदेश जानुअघि अधिकृतिकरण वा इन्डोर्समेन्ट तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठुलिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क गर्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313

E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

श्रम इजाजत नं. ३७४ - ०७१ - ०७३



**बहराइनमा रोजगार** कम्पनी : ELLIAN SALON BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 338644 | चलानी नं. ६०१५२२८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५८,५५४ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | नि:शुल्क | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कोठाहरुमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माँग्नुहोला । ४) विदेश जानुअघि अधिकृतिकरण वा इन्डोर्समेन्ट तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठुलिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क गर्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**

Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

Govt. License 1165/073/074



**ओमनमा रोजगार** कम्पनी : KUNAFA AND SWEET

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 350927 | चलानी नं. ६०१६३८६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 150 | ५७,९५६ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | निःशुल्क | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कोठाहरुमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माँग्नुहोला । ४) विदेश जानुअघि अधिकृतिकरण वा इन्डोर्समेन्ट तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठुलिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क गर्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**

Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,

+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com

Govt. License 776/065/066



**मलेसियामा रोजगार** कम्पनी : FULLFORCE SECURITY SERVICESSDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 333774 | चलानी नं. ६०१४७४५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1700 | ६१,२०८ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | निःशुल्क | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कोठाहरुमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माँग्नुहोला । ४) विदेश जानुअघि अधिकृतिकरण वा इन्डोर्समेन्ट तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठुलिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क गर्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432

Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



**साउदीमा रोजगार** कम्पनी : ALI OMAR ALI AL-SHUWAIRED ENTERTAINMENT CENTER

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 350930 | चलानी नं. ६०१६३८७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 2 | 0 | 1500 | ५४,३६८ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छ | | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 1 | 0 | 1500 | ५४,३६८ | कुल नियम अनुसार | ८ घण्टा | ६ दिन | कुल नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | निःशुल्क | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कोठाहरुमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारी माँग्नुहोला । ४) विदेश जानुअघि अधिकृतिकरण वा इन्डोर्समेन्ट तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठुलिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तोहाचलमा सम्पर्क गर्नुहोला ।

**JBR Associates Pvt. Ltd.**

Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,

E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com



**साइप्रसमा रोजगार** कम्पनी : MAVROMATIS EMPLOYMENT BUREAU LTD

पूर्व स्वीकृति मिति : २०८३/03/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 344693 | चलानी नं. ६०१५७९९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CASINO SUPERVISOR | 1 | 1 | 1200 | १,८५,३३७ | कु.नि. अनुसार | ८ घण्टा | ६ दिन | कु.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TABLE GAMES DEALER | 1 | 6 | 1200 | १,८५,३३७ | | | | | | | |
| 3 | Slot Attendant | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 4 | Slot Technician | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 5 | CAGE CASHIER | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 6 | CASINO HOST | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 7 | Surveillance officer | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 8 | Casino Marketing Executive | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 9 | Assistant F&B Manager | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |
| 10 | Bar Supervisor | 1 | 1 | 1200 | १,८५,३३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसिरहे पि मेडिकल गर्न लगाउने | रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने | स्वदेशमा बसिरहे बिना खर्च गर्न लगाउने | रोजगारमा बिना हुने/बहुने गर्न लगाउने | हवाई टिकट गराउने दिने गरी लगाउने | बिमा शुल्क गराउने दिने गरी लगाउने | सामाजिक सुरक्षा कोष गराउने दिने गरी लगाउने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अनिवार्यकिरण शुल्क बापत लाग्ने र गराउने लाग्ने | बिमा रकमिएका शुल्क गराउने लाग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,५९६ - कामदारले तिर्ने | रु १,२०० - कामदार आफैले | निःशुल्क | रु ७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सुनकोशी-मरिन ठेक्का रद्दको पेच

**राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको नयाँ ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेर रद्द गरिएको निर्णयले सरकारको कार्यशैली, कानुनी प्रक्रियाको पालना र आर्थिक अनुशासनमाथि गम्भीर प्रश्न खडा गरेको छ । प्राविधिक मूल्यांकन पूरा भई आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगिसकेको अन्तर्राष्ट्रिय बोलपत्र एकाएक रद्द गरिनु केवल प्रशासनिक प्रक्रियाको सामान्य मोड होइनह यसले दीर्घकालीन पूर्वाधार विकास, लगानीको वातावरण र मधेसका हजारौं किसानको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने विषयलाई जन्म दिएको छ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा उठेका प्रश्न र चासोले यो प्रकरण कति संवेदनशील र जटिल छ भन्ने प्रस्ट पार्छ ।**

**आयोजनाको १३.३ किलोमिटर सुरुङमार्ग सन् २०२४ मै 'ब्रेक थ्रु' भइसकेको अवस्थामा बाँकी सिभिल, हाइड्रोमेकानिकल तथा सम्बन्धित संरचनाको काम तीव्र गतिमा अघि बढ्नुपर्ने थियो । तर, त्यसको लामो समय बितिसक्दा पनि निर्माण कार्य सुस्त रहनु र अन्तिम चरणमा पुगेको ठेक्का प्रक्रिया रद्द गरिनुले आयोजनाको समयतालिका र लागत दुवैलाई अनिश्चितताको भुमरीमा धकेलेको छ । सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ (२) र सार्वजनिक खरिद नियमावलीको १६औं संशोधनअनुसार 'रेटेड प्वाइन्ट क्राइटेरिया' लागू गर्न प्रक्रिया रद्द गरिएको तर्क अघि सारेको छ । तर, बोलपत्र आह्वान भई प्राविधिक मूल्यांकनसमेत सकिइसकेपछि पछि संशोधित कानुनी व्यवस्थालाई पूर्वप्रभाव दिनेगरी लागू गर्नुको कानुनी औचित्य र वैधतामाथि सांसदहरूले उठाएका प्रश्न स्वाभाविक छन् । प्रक्रिया बीचमै रोक्दा वा रद्द गर्दा खरिद प्रणालीको विश्वसनीयता कमजोर हुने र भविष्यमा अन्तर्राष्ट्रिय ठेकेदारहरूको आकर्षण घट्ने जोखिम रहन्छ ।**

**यस प्रकरणको अर्को गम्भीर पाटो आर्थिक दायित्व र क्षतिपूर्तिसँग जोडिएको छ । यसअघि पटेल-रमण जेभीसँग भएको ठेक्का तोडिएपछि नयाँ बोलपत्र आह्वान गरिएको थियो । अहिले नयाँ प्रक्रियासमेत रद्द हुँदा पुरानो ठेकेदारबाट क्षतिपूर्ति असुली गर्ने, बैंक जमानत जफत गर्ने र नयाँ ठेक्का लगाउँदा बढ्न सक्ने लागतको हिसाबकिताब कसरी मिलाइन्छ भन्ने विषय अस्पष्ट छ । राज्यको सार्वजनिक कोषमा कति आर्थिक भार पर्छ र त्यसको जवाफदेहिता कसले लिन्छ भन्ने प्रश्नको ठोस उत्तर नआएसम्म वित्तीय पारदर्शितामाथि शंका रहिरहन्छ । त्यसमाथि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका तथा सम्बन्धित अधिकारीहरूलाई बोलाइएको वा दबाब दिइएको भन्ने चर्चाबारे उठेका जिज्ञासाले निर्णय प्रक्रियामाथि थप संवेदनशीलता थपेको छ । कानुनी र संस्थागत मर्यादाभित्र रहेर काम भएको छ कि छैन भन्ने विषय तथ्य र प्रमाणका आधारमा स्पष्ट हुनुपर्छ ।**

**सबैभन्दा ठूलो मार भने आयोजनाको मुख्य लाभग्राही मधेसका किसानमाथि परेको छ । सुनकोशीको पानी मरिन नदी हुँदै मधेसका पाँच जिल्लाका करिब एक लाख ८० हजार बिघा जमिनमा सिँचाइ पुऱ्याउने र २८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित अघि बढाइएको यो आयोजना ढिला हुँदा कृषि उत्पादन र ग्रामीण अर्थतन्त्रमा सीधा असर पर्छ । सिँचाइ सुविधाको प्रतीक्षामा रहेका किसानका लागि हरेक वर्षको ढिलाइ आर्थिक नोक्सानीको कारण बन्छ ।**

**सार्वजनिक लेखा समितिले सात दिनभित्र आवश्यक कागजात उपलब्ध गराउन निर्देशन दिइसकेको सन्दर्भमा अब यो विषयलाई निष्कर्षमा पुऱ्याउन ढिलाइ गरिनु हुँदैन । सरकारले ठेक्का रद्द गर्नुको कानुनी आधार, सम्भावित आर्थिक क्षति र निर्णय प्रक्रियाको पारदर्शितासम्बन्धी तथ्यहरू स्पष्टरूपमा सार्वजनिक गर्नुपर्छ । राष्ट्रिय गौरवका आयोजनालाई राजनीतिक वा प्रशासनिक अल्झनमा नअल्झाइ समयमै सम्पन्न गर्न सक्दामात्र राज्यको स्रोतको सदुपयोग हुन्छ र नागरिकले विकासको वास्तविक प्रतिफल पाउन सक्छन् ।**

## श्रम सरोकार

# अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छ:

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# चौंरीपालन अवस्था, चुनौती र सम्भावना



■ डा. आलोक प्रसाई

> चौंरी गाई नेपालको हिमाली क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनसँग जोडिएको अमूल्य सम्पदा हो । चौंरीपालनले हिमाली समुदायलाई खाद्यसुरक्षा, पोषण, रोजगारी तथा आयआर्जन प्रदान गर्दै आएको छ । यद्यपि जलवायु परिवर्तन, चरन क्षेत्रको अभाव, बजार वस्थापनको कमजोरी र जनशक्ति पलायनले यस क्षेत्रलाई चुनौती पूर्ण अवस्थामा पुऱ्याएको छ । संघ सरकार, प्रदेश र स्थानीय सरकार तथा निजी क्षेत्रबीच प्रभावकारी समन्वय गरी चौंरीपालनको आधुनिकीकरण, व्यावसायीकरण तथा संरक्षण गर्न सकेमा यो व्यवसाय हिमाली क्षेत्रको दिगो आर्थिक विकासको आधार बन्न सक्छ ।

नेपालको हिमाली क्षेत्रको अर्थतन्त्र, संस्कृति र जीविकोपार्जन प्रणालीसँग चौंरीपालन अभिन्न रूपमा जोडिएको छ । याक र स्थानीय गाईको संकरणबाट विकसित चौंरी उच्च हिमाली क्षेत्रका समुदायको प्रमुख आयास्रोत, पोषणको आधार तथा यातायातको माध्यमका रूपमा रहँदै आएको छ तर पछिल्लो समय जलवायु परिवर्तन, चरन क्षेत्रको विनास, युवा पुस्ताको वैदेशिक पलायन, उत्पादन लागत वृद्धि र बजार व्यस्थापनको कमजोरीका कारण चौंरीपालन व्यवसाय संकटग्रस्त बन्दै गएको छ । चौंरीपालनलाई कृषि, पर्यटन र स्थानीय आर्थिक विकाससँग एकीकृत गर्नसकेमा नेपालको हिमाली क्षेत्रको दिगो विकासमा महत्त्वपूर्ण योगदान पुग्न सक्छ । हिमाली जिल्लाको भरपर्दो विकासको आधार र पर्यटकीय आकर्षणको पहिचान, प्रवर्द्धन र बजारीकरणमा हिमाली गाईलाई महत्त्वपूर्ण माध्यमका रूपमा लिन सकिन्छ ।

नेपालको कूल भूभागको करिब ३५ प्रतिशत हिस्सा हिमाली तथा उच्च पहाडी क्षेत्रमा पर्दछ । यी क्षेत्रका वासिन्दाहरूको जीवनयापन प्राकृतिक स्रोत र पशुपालनमा आधारित रहेको छ । त्यसमध्ये चौंरीपालन परम्परागत तथा आर्थिक दृष्टिले महत्त्वपूर्ण व्यवसाय मानिन्छ । चौंरी केवल दूध दिने घरपालुवा जनवारमात्र नभई हिमाली समुदायको सभ्यता, संस्कृति र अर्थतन्त्रको महत्त्वपूर्ण आधारसँग पनि जोडिएको छ । हिमाली समुदायले चौंरीबाट दूध, घिउ, छुर्पी, दही, चिजलगायतका वस्तुको उत्पादन गर्दछन् । साथै, एक स्थानबाट अर्को स्थानसम्म सामान लैजानका लागि ढुवानी, पर्यटनका लागि दृश्यावलोकन तथा अध्ययन र कृषि कार्यमासमेत यसको उपयोग गर्दै आएको छ ।

बढ्दो सहरीकरण, आधुनिक जीवनशैली तथा वैदेशिक रोजगारीको प्रभावले चौंरीपालन व्यवसाय क्रमशः घट्दो अवस्थामा पुगेको छ । हिमाली बस्तीहरू बसाइँ सर्ने, सुविधाको खोजीमा अन्य क्षेत्रमा जाने, प्रतिस्पर्धात्मक चिन्तनबाट आफ्नो स्थान छाड्नेजस्ता विषयवस्तुको कारण गाउँ उजाड हुँदै गएको छ । गोठ तथा गोठालाको कमी, व्यवसायको हस, खरिदबिक्रीमा असहजता, पैठारीमा समस्या, बिमाको समस्या, रोग तथा भैपरि आउने समस्याले यसको पालनमा ठूलो समस्या आएको देखिन्छ ।

### चौंरीको विकासक्रम

चौंरीको विकासक्रम याक र स्थानीय गाईबीचको समिश्रणबाट उत्पन्न हुने प्रजाति चौंरी हो । हजारौं वर्षदेखि हिमाली क्षेत्रमा परम्परागत याक रहेको, यसको पालन हुँदै आएको विभिन्न तथ्यांकहरूले स्पष्ट पारेको छ । स्थानीय गाई र याकबीचको प्राकृतिक तथा निर्यामित सम्भोगबाट चौंरी जातिको विकास भएको मानिन्छ ।

नेपाल, तिब्बत, भुटान तथा भारतका विभिन्न प्रान्त सिक्किम, लद्दाख र अरूणान्चल प्रदेशमा चौंरीपालनको परम्परा विकसित भएको पाइन्छ । नेपालमा हिमाली जिल्लाहरूमा व्यावसायिकरूपमै चौंरीपालन भएको पाइन्छ । विशेषगरी कोशी प्रदेशका सोलुखुम्बु, भोजपुर, इलाम, ओखलढुंगा, पाँचथर, ताप्लेजुङ, संखुवासभा, बागमती प्रदेशको दोलखा, सिन्धुपाल्चोक, रसुवा, रामेछाप, नुवाकोट, धादिङ गण्डकी प्रदेशको मुस्ताङ, मनाङ, गोरखा, कास्की, म्याग्दी, लमजुङ, लुम्बिनी प्रदेश रुकुम, कर्णाली प्रदेशको डोल्पा, हुम्ला, मुगु, जुम्ला, कालीकोट, सुदूरपश्चिम प्रदेशको दार्चुला, बझाङ, बाजुरा जिल्लाहरूमा पाइन्छन् । नेपालमा यसको संख्या करिब एक लाख रहेको छ भने सबैभन्दा धेरै कोशी प्रदेशमा रहेको देखिन्छ ।

याक, चौंरी, तोले र खच्चड हिमाली तथा उच्च पहाडी क्षेत्रका महत्त्वपूर्ण पशु हुन् । कतिपयलाई यी सबै एकै प्रजाति हुन् भन्ने भ्रम पनि हुनसक्छ तर यथार्थता भने यसको प्रजनन विकास भिन्नै प्रकारको रहेको छ । यिनीहरूको नाम, काम बसाइ, खुवाइ तथा उस्तै हावापानीमा रहने भएता पनि यसको पहिचान बिल्कुल फरक रहेको छ । याक शुद्ध हिमाली जात हो । यसमा कुनै मिश्रित अवस्था रहेको हुँदैन । याक तीन हजार मिटरभन्दा माथि उच्च हिमाली भागमा बस्ने जनावार हो । यसको दूध, मासुको उपभोगका साथै सामान ढुवानीमा पनि प्रयोग गरिन्छ । यसलाई चीन तथा तिब्बतसँग जोडिएका स्थानहरूमा निर्यात गर्ने र स्थानीयको आयआर्जन सुधार ल्याउने साधनका रूपमा प्रयोग हुँदै आएको छ ।

याक सामान्यतया तीन-चार वर्षको उमेरमा प्रजननयोग्य हुन्छ र वर्षमा प्रायः एक वटा बाच्छा जन्माउँछ । यसको गर्भधारण अवधि करिब २५५-२७० दिन हुन्छ र उचित व्यवस्थापनमा २०-२५ वर्षसम्म बाँच्न सक्छ । वयस्क भाले याकको तौल ३५०-६०० केजी तथा पोथीको २००-३५० केजीसम्म हुन्छ । यसको बजार मूल्य करिब एक लाख रूपैयाँदेखि चार लाख रूपैयाँसम्म पर्दछ ।

चौंरी (याक र स्थानीय गाईको मिश्रण) पनि प्रायः वर्षमा एक बाच्छा जन्माउने क्षमता राख्छ, यसको आयु १८-२५ वर्षसम्म हुन्छ र तौल २५०-४५० केजीसम्म पुग्न सक्छ । यसको मूल्य करिब एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म पर्दछ । तोले (चौंरी र गाई वा चौंरी वंशको अर्को प्रकार) आकारमा केही सानो हुन्छ, सामान्यतया २००-३५० केजी तौलको हुन्छ र राम्रो व्यवस्थापनमा १५-२० वर्षसम्म बाँच्न सक्छ । यसको प्रजनन क्षमता हुँदैन । यसको मूल्य करिब ७० हजारदेखि दुई लाख रूपैयाँसम्म पर्दछ । खच्चड (घोडा र गधाको संयोग) भने प्रायः बाँझो हुने भएकाले प्रजनन गर्न सक्दैन । यसको आयु ३०-४० वर्षसम्म हुन सक्छ र तौल ३५०-५०० केजीसम्म हुन्छ । यसको मूल्य करिब एक लाखदेखि पाँच लाख रूपैयाँसम्म पर्दछ ।

हिमाली क्षेत्रमा पालन गरिने यी सबै पशुहरूको मुख्य आहार प्राकृतिक घाँस, हिमाली चरन क्षेत्रका जडीबुटी, झाडीका कोपिला, घाँस, पराल तथा आवश्यक परेमा दाना र खनिज मिश्रण हुन् । यी घरपालुवा जनावारहरू कठिन हिमाली भौगोलिक अवस्थामा अनुकूलित भएकाले लामो दूरी हिँड्न र उकालो-ओरालो पार गर्न सक्षम हुन्छन् । याक र चौंरी सामान्यतया घण्टामा २०-३० किलोमिटरसम्म दौडन सक्छन् भने खच्चड ४०-५० किलोमिटरसम्मको गतिमा दौडन सक्ने र भारी सामान बोक्न अत्यन्त सक्षम हुन्छन् । वन्यजन्तु, विशेषगरी हिउँचितुवा, ब्वाँसो, भालु तथा जंगली कुकुरको आक्रमणबाट बचाउन चरन क्षेत्रमा गोठालोको नियमित निगरानी, तालिमप्राप्त रक्षात्मक कुकुरको प्रयोग, बलियो गोठ निर्माण, रातिको समयमा सुरक्षित घेराबार, समूहमा चराउने व्यवस्था तथा क्यामरा ट्यापिङ वा घण्टीजस्ता निगरानी उपकरणको प्रयोग प्रभावकारी मानिन्छ ।

चौंरीको दूधलाई प्रसस्त भिटामिन भएको तरल तथा खानाको रूपमा लिने गरिन्छ । विशेषतः चौंरीको दूधमा बोसो, प्रोटिन र क्यालसियम बढी हुने गर्दछ । दूधबाट निकालिने घिउमा औषधिजन्य वस्तुको रूपमा प्रयोग गरिने र त्यसलाई सामाजिक तथा धार्मिक कार्यहरू: विवाह, भोज, पर्व, सामूहिक माहोत्सवहरूमा विशेष महत्त्वका साथ उपयोग गरिने चलन रहेको छ । यसको दूधबाट विभिन्न प्रकारका छुर्पीहरू पनि उत्पादन गरिन्छ । ती छुर्पी स्वदेशमा मात्र नभएर अमेरिका, युरोप, जापान तथा कोरियालगायतका देशहरूमा पनि निर्यात हुने गर्दछ । यसबाट उत्पादन हुने चिज सामान्य घरपरिवारदेखि ठूला तारे होटलहरूमा पनि प्रयोग हुँदै आएको छ । विश्वका धेरै मुलुकहरूमा पनि यसको माग रहने गर्दछ । कति देशहरूमा छुर्पीलाई घरपालुवा कुकुरको खानामासमेत प्रयोग गर्नका लागि नै नेपालबाट पैठारी हुँदै आएको छ । चौंरीको गोबरलाई पनि जैविक मल तथा इन्धनका रूपमा प्रयोग गरिन्छ । चौंरी हिमाली जिल्लाको पहिचान तथा बहुउपयोगी वस्तु भएकै कारण यसलाई पर्यटकीय सम्पदासँग जोडेर पनि हेर्न सकिन्छ ।

### चौंरीपालनका प्रमुख समस्याहरु

नेपालमा वर्षौंदेखि चौंरीपालन हुँदै आएको भए पनि पछिल्लो समय यसप्रति किसानहरूको आकर्षण विस्तारै घट्दै गएको देखिन्छ । चौंरीपालनमा देखिएका समस्याहरू निम्न रहेका छन्:

**जलवायु परिवर्तन:**

पृथ्वीको तापक्रम, वर्ष, हावापनी, तथा अन्य मौसमी अवस्थाहरूमा दीर्घकालीनरूपमा हुने परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यसको प्रमुख कारण तापक्रमहरित ग्यासको वृद्धि, वन विनाश, इन्धनको अत्यधिक प्रयोग तथा औद्योगिकीकरण हो । जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, हिमनदी पग्लिनु, अनियमित वर्ष, बाढी, पहिरो, खडेरी तथा जैविक विविधतामा ठूलो प्रभाव पर्ने देखिन्छ ।

**चरन क्षेत्रको अभाव:**

सामुदायिक वन विस्तार तथा भूमि उपयोग परिवर्तनका कारण खर्क क्षेत्र घट्दै गएको छ । चौंरीलाई आवश्यक पर्ने आहार, घाँसमैदान संरक्षणमा ध्यान दिन नसक्दा यसको खानामा ठूलो समस्या आउन थालेको छ ।

**पशु स्वास्थ्य सेवा:**

दुर्गम हिमाली क्षेत्रमा पशु स्वास्थ्य सेवाको खासै सुविधा देखिँदैन । वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण विभिन्न रोग फैलँदै गएका छन् । यसले गर्दा चौंरी पाल्ने कृषकहरूलाई ठूलो मार परेको छ । आर्थिक हिसाबले चौंरीको मूल्य धेरै पर्ने हुँदा त्यसमा रोग लागेर मर्न जाँदा किसानलाई ठूलो आर्थिक भार थपिन्छ ।

**बजार पहुँच:**

चौंरीपालनबाट तयार गरिएको दूध, दही, चिज, घिउ, छुर्पी आदि उत्पादन बिक्री गर्दा कृषकले उचित मूल्य पाउँदैनन् । लगानी तथा मिहेनतअनुसारको मूल्यमात्र नभई कुनै बेलामा तथा उपयुक्त बजार पनि पाउँदैनन् । विगतमा चौंरी प्रजातिलाई सजिलै तिब्बतमा निर्यात गर्न सकिन्थ्यो तर हाल उक्त कार्यलाई सरकारको कानुनले त्यसो गर्न दिँदैन । विदेशमा लगरेर बेच्ने कुनै सरकारी नियम नभएकाले बजारको पनि ठूलो समस्या देखापरेको छ ।

**जनशक्ति अभाव:**

दिन प्रतिदिन युवाहरू विदेश पलायन हुँदा गएका छन् । चौंरी पाल्ने वा गोठको हेरचाह गर्ने कसैले पनि गर्ने कार्य परम्परागत नै चलिआएको छ । उनीहरूलाई दक्ष बनाउने, तालिम प्रदान गर्ने, जनचेतनामूलक कार्यसम्बन्धी कुनै निकायबाट जानकारी गराएको देखिँदैन । यसले गर्दा नयाँ व्यवसायीहरू यस पेसामा प्रवेश नै गर्न रुचाउँदैनन् भने गरिराखेकाहरू पनि अर्को व्यवसायको खोजीमा रहेको देखिन्छ ।

अन्त्यमा, चौंरी गाई नेपालको हिमाली क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनसँग जोडिएको अमूल्य सम्पदा हो । चौंरीपालनले हिमाली समुदायलाई खाद्यसुरक्षा, पोषण, रोजगारी तथा आयआर्जन प्रदान गर्दै आएको छ । यद्यपि जलवायु परिवर्तन, चरन क्षेत्रको अभाव, बजार वस्थापनको कमजोरी र जनशक्ति पलायनले यस क्षेत्रलाई चुनौती पूर्ण अवस्थामा पुऱ्याएको छ । संघ सरकार, प्रदेश र स्थानीय सरकार तथा निजी क्षेत्रबीच प्रभावकारी समन्वय गरी चौंरीपालनको आधुनिकीकरण, व्यावसायीकरण तथा संरक्षण गर्न सकेमा यो व्यवसाय हिमाली क्षेत्रको दिगो आर्थिक विकासको आधार बन्न सक्छ ।

राष्ट्रिय चौंरी विकास नीति, खर्क संरक्षण तथा व्यवस्थापन, चौंरीजन्य उत्पादनको ब्राण्डिङ, पशु स्वास्थ्य सेवा, युवा लक्षित कार्यक्रम, चौंरी अनुसन्धान केन्द्र, पर्यटनसँग जोड्ने कार्यक्रम, राष्ट्रिय चौंरी महोत्सव, अनुदानजस्ता प्रवर्द्धनका कार्यक्रम आवश्यक रहेको छ । चौंरी संरक्षण गर्नु भनेको केवल एउटा घरपालुवा वस्तुको संरक्षणमात्र नभई नेपालको हिमाली सभ्यता, संस्कृति, जैविक विविधता र परम्परागत प्रणालीको संरक्षण पनि हो । *रासस*

## पाठक मञ्च

# सीप परीक्षणको अन्योल कहिलेसम्म ?

सीप परीक्षण नहुँदा साउदी जाने श्रमिकको संख्यामा भारी गिरावट भएको समाचारले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएको गम्भीर सरकारी उदासीनता र नीतिगत अन्योललाई उजागर गरेको छ । देशको अर्थतन्त्रको मुख्य मेरुदण्ड मानिने विप्रेषण (रेमिटचान्स) भित्र्याउने प्रमुख श्रम गन्तव्य साउदी अरेबियामा जाने श्रमिकहरूको संख्यामा आएको यो अस्वाभाविक गिरावटले समग्र श्रमबजारमा चिन्ता थपेको छ ।

समाचारमा उल्लेख भएअनुसार सामान्य अवस्थामा दैनिक २०० भन्दा बढी नेपाली युवा श्रम स्वीकृति लिएर साउदी जाने गरेकोमा गत कात्तिक महिनामा यो संख्या घटेर जम्मा ५१७ मा सीमित हुनु निकै भयावह स्थिति हो । साउन, भदौ र असोजमा हजारौंको संख्यामा श्रमिक गइरहेको अवस्थामा एक्कासि कात्तिकमा देखिएको यो ठूलो गिरावटको मुख्य कारण 'सीप प्रमाणीकरण' को काम सुरु हुन नसक्नु नै हो ।

युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशनमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गत कात्तिक २० गते नै सीप परीक्षणका लागि नेपालका २१ वटा संस्थालाई सूचीकृत गरिसकेको अवस्था छ। तर, सूचीकृत भएको लामो समय बितिसक्दा पनि ती संस्थाहरूले काम सुरु गर्न नपाउनु प्रशासनिक लापरवाहीको पराकाष्ठा हो । नेपालभित्रै परीक्षणको व्यवस्था सुचारु नहुँदा वैदेशिक रोजगारीमा जान चाहने गरिब तथा विपन्न परिवारका युवाहरू छिमेकी मुलुक भारत गएर तीन गुणा बढी खर्च बेहोर्न बाध्य भएका छन् । यो आर्थिक भार गरिब श्रमिकहरूका लागि अन्यायपूर्ण छ ।

एकातिर मलेसिया र संयुक्त अरब इमिरेट्स (युएई) जस्ता प्रमुख श्रम गन्तव्यहरूमा विभिन्न समस्या देखिरहेका छन् भने अर्कोतिर साउदीको रोजगारी पनि धराशायी बन्दै जानु मुलुककै लागि घाटाको विषय हो । लोड/अनलोड वर्कर, क्यारियर, ह्वीलब्यारो वर्कर, कन्स्ट्रक्सन र कन्स्ट्रक्टिङ वर्क गरी पाँचवटा क्षेत्रका लागि सीप प्रमाणीकरण अनिवार्य गरिँदा त्यसभित्र पर्ने करिब ३० भन्दा बढी पेसाको माग गुम्दै जानुले हजारौं नेपाली युवाको रोजगारीको अवसर खोसिएको छ । विगतमा व्यवसायीहरूको विरोध, तोडफोड र अनधिकृत संस्थामाथिको सिलबन्दीका कारण अवरुद्ध भएको यो प्रक्रियालाई सरकारले समयमै व्यवस्थापन गरी वैधानिक बाटो खोल्नुपर्थ्यो ।

अतः सम्बन्धित निकाय, श्रम मन्त्रालय र साउदी दूतावासले आपसी समन्वय गरी सूचीकृत संस्थाहरूको अनुगमन प्रक्रिया तत्काल टुंग्याउनुपर्छ । नेपालभित्रै सहज, सुलभ र पारदर्शी ढंगले सीप परीक्षण सुरु गरी गुम्दै गएको रोजगारीको अवसर जोगाउन र श्रमिकहरूलाई अनावश्यक आर्थिक भारबाट मुक्त गराउन सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

**-करण रेग्मी**
सातदोबाटो, ललितपुर




**सचेतनामूलक प्रभातफेरी** | लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत बुधबार नेपाल परिवार नियोजन संघ दाङ शाखाको आयोजना तथा विभिन्न संघसंस्थाको समन्वयमा घोराहीमा आयोजित सचेतनामूलक प्रभातफेरी कार्यक्रममा लैंगिक हिंसाविरुद्धका नारा लेखिएका प्लेकार्डसहित सहभागी महिला । *तस्बिर: रासस*

# राजमार्गमा अतिक्रमित संरचना हटाउन सुरू

**जुम्ला–** सडक डिभिजन कार्यालय जुम्लाले कर्णाली राजमार्गअन्तर्गत नाग्म-जुम्ला क्षेत्रमा सडक अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने कार्य सुरु गरेको छ ।

सार्वजनिक सडकको संरक्षण, सुरक्षा, यातायात सञ्चालनमा सहजता तथा सडकको उचित व्यवस्थापन गर्ने उद्देश्यले सार्वजनिक अतिक्रमित संरचना हटाउने कार्य अघि बढाइएको सडक डिभिजन कार्यालयका प्रमुख श्रवणकुमार महताराले जानकारी दिए । त्यस क्रममा स्थानीय तिला गाउँपालिकास्थित कुडारीबजार र त्रिवेणी बजार क्षेत्रका अतिक्रमित सबै संरचना हटाउन थालिएको कार्यालय प्रमुख महताराको बताए ।

अतिक्रमण घरटहरा तथा निर्माण सामग्री हटाउन र दुर्घटनाको जोखिम न्यूनीकरण गर्न गाउँपालिका र सडक डिभिजनले प्राथमिकताकासाथ काम गरिरहेको उनले स्पष्ट पारे । अतिक्रमित संरचना हटाउने सन्दर्भमा विगतमा सूचना टाँस्नमै सीमित रहेकामा अहिले भने कार्यान्वयन गर्न स्थानीय सरकार र सडक डिभिजन क्रियाशील भएको प्रमुख महताराले बताए ।

आगामी दिनमा जुम्लालगायत कालीकोट र मुगु जिल्लाका राजमार्ग क्षेत्रभित्रका अतिक्रमित त्यस्ता संरचना हटाउन सार्वजनिक सूचना जारी गरी आवश्यक प्रक्रिया अघि बढाइने कार्यालयले जनाएको छ । *रासस*

# गलैँचा बुन्ने सीप सिक्दै सिकाउँदै कमाउँदै

■ दामोदर खनाल



**रूपन्देही–** सीप सिक्ने रहर र काम गर्ने इच्छा भएका असाक्षर, बेरोजगार महिला पुरूषहरूका लागिसमेत सिराज रम्स नेपाल रूपन्देहीले गलैँचा बुन्ने सीप सिक्दै सिकाउँदै कमाउँदै नौलो रोजगार योजना सञ्चालन गर्दै आएको छ ।

पढिएन, जागिर पाइएन भन्ने महिला पुरूषहरूका लागि सिराज रम्स नेपाल रूपन्देहीले भैरहवा, भलवारी र लुम्बिनी कृषि उपज थोक बजार मणिग्राममा नौलो खालको रोजगार योजना सञ्चालनमा ल्याएको छ । गलैँचा कम्पनी सिराज रम्स नेपालका सञ्चालक पवन बर्माले रोजगारको ग्यारेण्टी दिँदै सीप सिक्दै कमाउँदै गर्ने योजना ल्याएको जानकारी दिए । यो पेसामा साक्षरताविहीन महिलाहरूले आफ्नो फुर्सदको समयमा काम गरेर आम्दानी लिन सफल भएको जानकारी दिए । उनले भने, 'सिकाइका बेला प्रतिमहिना १० हजार रूपैयाँ प्राप्त गर्छन्, सीप सिकिसकेपछि मासिक २५ हजारदेखि ३५ हजार रूपैयाँसम्म र मिहेनती श्रमिकहरूले त्यो भन्दा पनि बढी कमाउँछन् ।'

यो गलैँचा बुन्ने रोजगार योजनामा सीप सिक्ने इच्छा र मिहेनती बेरोजगार असाक्षर महिला पुरूषहरू आकर्षित हुँदै गएका छन् । सिराज रम्स नेपालले गलैँचा बुन्ने स-शुल्क तालिम तथा रोजगारीको योजना सञ्चालनमा ल्याएकोले धेरै असाक्षर स्थानीय बेरोजगारले काम पाएका छन् । पहिला रूपन्देहीको भैरहवाबाट सुरू गरेको यो योजना विस्तार गर्दै रूपन्देहीको भलवारी र मणिग्राममा विस्तार गरेका छन् । हाल यो काममा ३०० जनाले प्रत्यक्ष रोजगार पाएको र भविष्यमा अझ कामदार थप्दै जाने योजना रहेको सञ्चालक बर्माले जानकारी दिए । यहाँ उत्पादित जुटको गलैँचा अमेरिका निर्यात भइरहेको पनि उनले बताए ।

यहाँ सीप सिक्दै कमाउँदै सिकाउँदै काम गरेर मासिक ३५ हजार रूपैयाँभन्दा बढी रकम कमाउने गरेको प्रशिक्षक पवित्रा पुन मगरले बताइन् । उनले भनिन्, 'मिहेनत गर्दा महिनामा ४० हजार रूपैयाँसम्म कमाइ गरे । यो योजनाले गर्दा पढेलेखेको छैन भनेर बेरोजगार बस्न पर्दैन । मैले यही काम सिकेँ, सिक्दा पनि कमाइ गरेँ, अहिले सिकाउँदै कमाउँदै गरेकी छु ।'

उद्योगमा गलैँचा धुने, बुट्टा मिलाउने, काट्ने पटचाउनेलगायतका कामदार हरूले पनि सीप र मिहेनतअनुसार राम्रो कमाइ गर्दै आएका छन् । जुटको गलैँचाको अमेरिकामा राम्रो माग भएकाले बजारको समस्या नरहेको अमेरिकाबाट प्राप्त अर्डरअनुसारका आकार प्रकारका गलैँचा तयार गरी पठाउने गरेको गलैँचा उद्यमीको भनाइ छ । यस्ता गलैँचाहरूको जर्मनी, अस्ट्रेलियालगायतका मुलुकमा पनि माग रहेको बताइन्छ । सरकारले कच्चा पदार्थ आयात र तयारी माल निर्यातमा नीति नियम सहज बनाइदिए थुप्रैले स्वदेशमै रोजगार पाउने र विदेशी मुद्रा आम्दानी हुने उद्योगी व्यवसायीको भनाइ छ ।

# महालक्ष्मी नगरपालिकामा मेलम्चीको पाइप आइपुग्यो, खानेपानी संकट समाधान हुने आशा

■ प्रभाव संवाददाता



**ललितपुर–** वर्षौंदेखि खानेपानीको अभाव झेल्दै आएका ललितपुरको महालक्ष्मी नगरपालिकाका बासिन्दाले अब मेलम्चीको पानी पाउने आशा बढेको छ । ग्वार्को चोकदेखि महालक्ष्मी नगरपालिका-४ कमलपोखरीसम्म विस्तार गरिने मुख्य खानेपानी पाइपलाइनका पाइप नगर क्षेत्रमा आइपुगेपछि आयोजना कार्यान्वयनको तयारी अघि बढेको हो ।

ग्वार्को पुलनजिकै कर्मनाशा करिडोर र कमलपोखरी क्षेत्रमा १० इञ्चका ठूला पाइप बोकेका ट्रक पुगेपछि नगरपालिकाका जनप्रतिनिधिमा उत्साह देखिएको छ । लामो समयदेखि खानेपानीको समस्या समाधानका लागि प्रयास हुँदै आएकोमा पाइप आइपुग्नुलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ ।

महालक्ष्मी नगरपालिकाका १० वटा वडामध्ये विशेषगरी वडा नम्बर १ देखि ४ सम्मका बासिन्दाले लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएका छन् । भूमिगत स्रोतबाट डिप बोरिङमार्फत पानी वितरण हुँदै आए पनि तीव्र सहरीकरण र बढ्दो जनसंख्याका कारण मागअनुसार पानी उपलब्ध गराउन कठिन हुँदै आएको छ ।

खानेपानी समस्याको दीर्घकालीन समाधान खोज्ने क्रममा अघिल्लो नगर नेतृत्वको कार्यकालमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को सञ्जाल विस्तारका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको थियो । त्यसलाई अघि बढाउँदै वर्तमान नगरप्रमुख हरिगोविन्द श्रेष्ठले केयुकेएलसँग निरन्तर समन्वय र सहकार्य गरी मेलम्चीको पानी नगरपालिकामा ल्याउने पहल गरेका हुन् ।

केयुकेएल ललितपुर शाखा कार्यालय, जावलाखेलले कात्तिक २८ गते प्रकाशित गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनाअनुसार ग्वार्को चोकदेखि महालक्ष्मी नगरपालिका-४ कमलपोखरीसम्म २०० मिलिमिटर व्यासको डिआइ ट्रान्समिसन मेन पाइपलाइन जडानका लागि पिएस निर्माण एण्ड सप्लायर्स छनोट भएको थियो । उक्त कम्पनीले एक करोड ३४ लाख ५६ हजार रूपैयाँमा ठेक्का पाएको छ । करिब दुई किलोमिटर लामो मुख्य ट्रंकलाइन विस्तारका लागि आवश्यक पाइप नगर क्षेत्रमा आइपुगेपछि अब निर्माण तथा जडानको काम अघि बढ्ने भएको छ ।

यसैगरी केयुकेएलले महालक्ष्मी नगरपालिका-१ का सम्झना बस्ती, शिव टोल, तिमल्सिना टोल र श्रीकृष्ण टोल तथा वडा नम्बर ४ का नवसिर्जना टोल, आदर्श प्रगति टोल र चन्द्रागिरि शिवालय टोलमा वितरण पाइपलाइन विस्तारका लागि समेत छुट्टाछुट्टै बोलपत्र स्वीकृत गरिसकेको छ । पाइप आइपुगेको स्थलमा पुगेका नगरप्रमुख हरिगोविन्द श्रेष्ठले निर्वाचनका बेला नागरिकसमक्ष गरेको प्रतिबद्धता पूरा हुने दिशामा महत्त्वपूर्ण प्रगति भएको बताए ।

उनले शिक्षा, स्वास्थ्य, सडक र खानेपानीजस्ता आधारभूत पूर्वाधारलाई प्राथमिकतामा राखेर काम भइरहेको उल्लेख गर्दै खानेपानीको दिगो स्रोत अभाव समाधान गर्न केयुकेएलसँग निरन्तर समन्वय गरिएको बताए । 'नगरपालिकामा विकास निर्माणका लागि बजेटको अभाव थिएन, तर पानीको दिगो स्रोत नहुँदा वडा नम्बर १ देखि ४ सम्मका नागरिकलाई पर्याप्त खानेपानी उपलब्ध गराउन कठिन भइरहेको थियो। खानेपानीका टचांकी निर्माण, स्थानीय स्रोतको संरक्षण र केयुकेएलसँगको निरन्तर समन्वयमार्फत मेलम्चीको पानी नगरपालिकामा ल्याउने पहल गरेका हौं,' उनले भने ।

उनले ग्वार्को-कमलपोखरी ट्रंकलाइनका पाइप नगर क्षेत्रमा आइपुग्नु नगरवासीको वर्षौंदेखिको खानेपानी समस्या समाधान गर्ने अभियानको महत्त्वपूर्ण उपलब्धि भएको बताए । निर्माण व्यवसायीका अनुसार अब छिट्टै पाइपलाइन विस्तार तथा जडानको काम सुरु हुने छ । आयोजना समयमै सम्पन्न भई पानी वितरण सुरु भएमा महालक्ष्मी नगरपालिकाका खानेपानी अभावग्रस्त क्षेत्रका बासिन्दाले ठूलो राहत पाउने अपेक्षा गरिएको छ ।

पाइप आइपुगेको स्थलमा नगरप्रमुख श्रेष्ठसँगै उपप्रमुख लक्ष्मी महर्जन, वडाध्यक्षहरू छिरिङ लामा, ध्रुव केसी, कुबेर केसी र अमृत खत्रीलगायत जनप्रतिनिधिको उपस्थिति थियो । त्यसैगरी कार्यपालिका सदस्य माधव श्रीमाली र लक्ष्मी दाहाल, भौतिक पूर्वाधार इञ्जिनियर लब गुप्ता तथा वडा सदस्य कृष्ण सुवेदी, शशीकुमार महर्जन र दाताराम कार्की पनि उपस्थित थिए । मेलम्चीको पानी नगरपालिकामा ल्याउने योजना सफल भएमा महालक्ष्मीका नागरिकले वर्षौंदेखि भोग्दै आएको खानेपानी संकट समाधानमा महत्त्वपूर्ण उपलब्धि हासिल हुने विश्वास गरिएको छ ।


**कुवेतमा रोजगार** — कम्पनी : HYGIENE PRODUCTS INDUSTRIES CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. 317844 | चलानी नं. ६०२३२१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labour | 51 | 0 | 100 | ४७,१९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसरसरफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

**युएइमा रोजगार** — कम्पनी : Bayt Al Mubarak Building Maintenance

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 321366 | चलानी नं. ६०२३५४७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 4 | 0 | 1200 | ४८,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 4 | 0 | 1200 | ४८,५३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसरसरफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832,9842772106
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**बहराइनमा रोजगार** — कम्पनी : ELITE FACILITY MANAGEMENT CO.S.P.C

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पूर्व स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 337632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 22 | 27 | 100 | ३९,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसरसरफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
**NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD**
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290,9713026256 E-mail : nepallifera1476.2017@gmail.com

**युएइमा रोजगार** — कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 320737 | चलानी नं. ६०२३४८७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 27 | 0 | 1200 | ४८,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 34 | 0 | 1200 | ४८,५३८ | | | | | | | |
| 3 | Building Worker/Labour | 28 | 0 | 900 | ३६,४०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसरसरफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69
**RADIANT OVERSEAS PVT. LTD.**
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

**साउदीमा रोजगार** — कम्पनी : JAMRAH BAKERY for BREAD

पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 342692 | चलानी नं. ६०२५६०१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 1 | 0 | 1000 | ३९,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WASFAH AL MUMAIZAH FOR BEVERAGE SERVICES ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ | LT. No. 350820 | चलानी नं. ६०२६३८५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 1 | 0 | 1200 | ४७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४७,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (रसरसरफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

# प्रभाव दैनिक

रूपशाला


## मिस युनिभर्सको ताज प्युरोर्टो रिकोकी जेनिफर ब्यारेटोलाई

प्युरोर्टो रिकोको सान जुआनस्थित कोलिसेओ डे प्युरोर्टो रिको जोसे मिगुएल अग्रेलोटमा मंगलबार सम्पन्न फाइनलमा आयोजक राष्ट्रकै प्रतिनिधित्व गर्दै प्रतिस्पर्धा गरेकी जेनिफर ब्यारेटोले मिस युनिभर्सको ताज जितेकी छन् । २७ वर्षीया ब्यारेटो पेसाले मनोवैज्ञानिक तथा समाजसेवी हुन् । एल नुएभोका अनुसार उनकी छोरी पेनेलोप छिन् र उनी मिस युनिभर्सको उपाधि जित्ने पहिलो आमा बनेकी छन् । मिस युनिभर्स २०२५ फातिमा बोशले आफ्नी उत्तराधिकारी ब्यारेटोलाई ताज पहिराइन् । डिजाइनर जर्ज विटल्स र मेसन डी'ओरको सहकार्यमा तयार पारिएको नयाँ ताजको नाम 'द रेडियन्स अफ एन इटरनल लिगेसी' राखिएको छ, जसमा १८ क्यारेट सेतो सुनमा तीन हजार एक सय ५० वटा हीरा जडान गरिएको छ ।




बिहीबार, १० मंसिर २०८३ (Thursday, 26 November 2026)


# 'सिनेपा' चलचित्र स्टुडियोको काम अघि बढाउन सञ्चारमन्त्री तिमिल्सिनाको पहल

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक** – सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका वडा नम्बर १० र १३ अन्तर्गत जनागालस्थित बाहुनडाँडा सामुदायिक वन क्षेत्रमा निर्माण प्रस्ताव गरिएको अत्याधुनिक इनडोर चलचित्र छायांकन स्टुडियो (सिनेपा) क्षेत्रको निरीक्षण गरेका छन् ।

सञ्चारमन्त्री तिमिल्सिनाले स्टुडियो निर्माणस्थलको भौगोलिक तथा प्राविधिक पक्ष, वातावरणीय प्रभाव र स्थानीय सरोकारबारे जानकारी लिएका हुन् । उनले राष्ट्रिय महत्वको परियोजनालाई थप ढिलाइ नगरी स्थानीय बासिन्दाको भावना र वातावरणीय पक्षलाई सम्मान गर्दै अघि बढाउनुपर्ने बताए ।

निरीक्षणका क्रममा स्थानीय जनप्रतिनिधि, सरोकारवाला तथा चलचित्र विकास बोर्डका पदाधिकारीसँगको छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले विकास आयोजनाबाट कसैलाई अन्याय हुन नहुने तर केही व्यक्तिको असहमतिका कारण राष्ट्रिय महत्वका परियोजना अनिश्चितकालसम्म रोकिन नहुने धारणा राखे ।

'परियोजना बन्दा कसैलाई अन्याय हुनु हुँदैन । स्थानीय बासिन्दाको भावना र सरोकारलाई सम्मान गर्नुपर्छ । तर राष्ट्रिय महत्वको परियोजना केही व्यक्ति वा परिवारको असहमतिका कारण सधैँ रोकिने अवस्था पनि हुनु हुँदैन । कानुनी प्रक्रिया, स्थानीयको हित र राष्ट्रिय आवश्यकताबीच सन्तुलन कायम गरेर अगाडि बढ्नुपर्छ,' उनले भने ।

उनले चलचित्र स्टुडियो निर्माणलाई एउटा भौतिक संरचना निर्माणका रूपमा मात्र नभई स्थानीय आर्थिक गतिविधि, रोजगारी, पर्यटन र चलचित्र क्षेत्रको विकाससँग जोडेर हेर्नुपर्ने बताए । स्टुडियो सञ्चालनमा आएपछि कलाकार, चलचित्रकर्मी, प्राविधिक तथा पर्यटकको आवागमन बढ्ने र होटल, यातायातलगायत स्थानीय व्यवसाय विस्तार हुने उनको भनाइ थियो ।

'यहाँ चलचित्र स्टुडियो निर्माण भयो भने यो क्षेत्र एउटा महत्वपूर्ण आकर्षणको केन्द्र बन्न सक्छ । त्यसबाट सिर्जना हुने रोजगारी, व्यवसाय र आर्थिक गतिविधिको लाभ स्थानीय बासिन्दाले पनि पाउँछन्। आयोजनाको प्रत्यक्ष लाभ मात्र होइन, अप्रत्यक्ष लाभसमेत हेर्नुपर्छ,' उनले भने ।

करिब ४२ रोपनी क्षेत्रफलमा निर्माण गर्ने लक्ष्य राखिएको 'सिनेपा' स्टुडियोको निर्माणका लागि तयार पारिएको सुरुआती डिजाइनअनुसार संरचना बनाउन स्थानीयले अवरोध गरेपछि डिजाइन परिवर्तन गर्न पर्ने वा नपर्ने बारे चलचित्र विकास बोर्डले अध्ययन गरिरहेको छ । बोर्डका अनुसार प्रारम्भिक प्राविधिक अध्ययनअनुसार निर्माणका लागि करिब एक लाख घनमिटर माटो व्यवस्थापन गर्नुपर्ने देखिएको छ । चलचित्र विकास बोर्डका अध्यक्ष मनिष पण्डितले चलचित्र स्टुडियो निर्माणका लागि हालसम्म भएको कार्यप्रगति र देखिएका चुनौतीबारे जानकारी गराएका छन् ।

सोक्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले सुरुआती डिजाइन परिवर्तन गर्दा ठूलो परिमाणमा माटो कटान गर्नुपर्ने देखिएकाले वातावरणीय प्रभाव र प्राकृतिक सौन्दर्य संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताए । डाँडाको भौगोलिक बनावट परिवर्तन हुँदा प्राकृतिक दृश्यमा समेत प्रभाव पर्न सक्ने भएकाले निर्माणको वैकल्पिक स्वरूप र स्थानबारे पुनः अध्ययन गर्न उनले निर्देशन दिए ।

'यो ठाउँको प्राकृतिक सौन्दर्य निकै आकर्षक देखियो । तर संरचना निर्माणका लागि डाँडा खार्नुपर्ने अवस्था रहेछ । त्यसले यहाँको प्राकृतिक स्वरूपमा कस्तो परिवर्तन ल्याउँछ भन्ने विषयमा गम्भीरतापूर्वक सोच्नुपर्छ । सम्भव भएसम्म प्राकृतिक सौन्दर्य जोगाउँदै निर्माण गर्न सकिने विकल्प खोज्नुपर्छ,' उनले भने ।

आर्थिक वर्ष २०८०/८१ को बजेटमा बनेपामा अत्याधुनिक चलचित्र छायांकन स्टुडियो निर्माण गर्ने कार्यक्रम समावेश गरिएको थियो । सोही योजनाअन्तर्गत २०८२ वैशाखमा शिलान्यास गरिएको 'सिनेपा' स्टुडियोमा इन्डोर तथा आउटडोर दुवै प्रकारका संरचना निर्माण गर्ने योजना छ ।

इन्डोर क्षेत्रमा अस्पताल, प्रहरीचौकी, कारागार तथा ठूला भवनका भित्री दृश्य छायांकन गर्न मिल्ने स्थायी र पोर्टेबल सेट निर्माण गरिनेछ । त्यस्तै, आउटडोर क्षेत्रमा नेपाली चलचित्रको इतिहास अध्ययन गर्न चलचित्र संग्रहालय, पुस्तकालय, पटकथा लेखन तथा निर्देशन कक्ष र चलचित्रसम्बन्धी गोष्ठी, सेमिनार तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सभाहल निर्माण गर्ने योजना रहेको छ ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सुरुआती डिजाइन परिवर्तन गर्दा ठूलो परिमाणमा माटो कटान गर्नुपर्ने देखिएकाले वातावरणीय प्रभाव र प्राकृतिक सौन्दर्य संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताए । तिमिल्सिनाले चालु आर्थिक वर्षमा बजेट विनियोजन गरी एक वर्षभित्र स्टुडियो निर्माण थाल्ने लक्ष्यका साथ सरकार अघि बढेको बताए । उनले यस विषयमा संसद्मा समेत प्रतिबद्धता व्यक्त गरिसकेको उल्लेख गर्दै सरकार र चलचित्र विकास बोर्डको प्रयाससँगै स्थानीय सरकार तथा समुदायको सहयोग पनि उत्तिकै आवश्यक रहेको बताए ।

'मैले संसद्मा पनि यो वर्ष चलचित्र स्टुडियो बनाउने प्रतिबद्धता व्यक्त गरिसकेको छु । तर सरकार र बोर्डले चाहेर मात्रै सबै कुरा सम्भव हुँदोरहेनछ । स्थानीय सरकार, स्थानीय बासिन्दा र अन्य सरोकारवाला पक्षको पनि भूमिका हुन्छ । विगतका कमजोरीबाट सिकेर साझा समझदारीका साथ अब कार्यान्वयनमा जानुपर्छ,' उनले भने ।

# 'ककाकिकी'को प्रिमियर सम्पन्न



**काठमाडौं (प्रस)**– नेपाली हास्यप्रधान चलचित्र 'ककाकिकी'को भव्य प्रिमियर सम्पन्न भएको छ । काठमाडौंको सिटी सेन्टरस्थित बिग मुभिजमा आयोजित प्रिमियरमा चलचित्रका कलाकार तथा निर्माण टिमसँगै नेपाली चलचित्र क्षेत्रका थुप्रै चर्चित कलाकार, निर्देशक, निर्माता र चलचित्रकर्मीको उपस्थिति थियो ।

प्रिमियरमा चलचित्र हेरिसकेपछि अधिकांशले यसको प्रस्तुतीकरण, कथावस्तु र मनोरञ्जनात्मक पक्षको प्रशंसा गरेका थिए । विशेषगरी निर्देशकद्वय बिक्की अग्रवाल र श्रद्धा प्रसाईंले चलचित्रमा प्रस्तुत गरेको फरकपन र मेहनतको तारिफ भएको थियो ।

कमेडी जनरामा निर्माण भएको चलचित्र हेर्दा हलमा दर्शकको हाँसोका फोहोरा छुटेका थिए । चलचित्रका विभिन्न दृश्यमा उपस्थित चलचित्रकर्मी समेत हाँसेर रमाएका थिए । चलचित्रकर्मीहरूले कथालाई प्रस्तुत गरिएको शैली र कलाकारहरूको अभिनयलाई रुचाउँदै चलचित्रले दर्शकको मन जित्ने विश्वास व्यक्त गरेका थिए ।

प्रिमियरमा सहभागी वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, शिव श्रेष्ठ, बसुन्धरा भुसाल, चैत्यदेवी, राजाराम पौडेल, किरण केसी, निर्देशक तथा निर्माता मिलन चाम्स, आकाश अधिकारी, अशोक शर्मा, शोभित बस्नेत, कलाकार जयकिशन बस्नेत, विल्सन विक्रम राई तथा गायक शिव परियारलगायतले चलचित्रप्रति सकारात्मक प्रतिक्रिया दिएका थिए ।

निर्देशक बिक्की अग्रवालले चलचित्रकर्मीबाट प्राप्त प्रतिक्रियाले आफूहरूलाई खुसी मिलेको बताए । आफ्नो टिमले चलचित्र निर्माणमा निकै मेहनत गरेको उल्लेख गर्दै उनले अब चलचित्र दर्शकको हातमा सुम्पिने समय आएको बताए । आउँदो शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्रलाई दर्शकले दिने प्रतिक्रियालाई आफूहरूले सहर्ष स्वीकार गर्ने उनको भनाइ थियो ।

त्यस्तै, चलचित्रका कलाकार तृप्ति नाडकर, गौरी मल्ल, रेखा थापा र महेश त्रिपाठीलगायतले पनि प्रिमियरमा चलचित्रकर्मीबाट प्राप्त प्रतिक्रियाले उत्साहित बनाएको बताए । अब आफूहरू दर्शकको प्रतिक्रियाको प्रतीक्षामा रहेको उनीहरूको भनाइ थियो ।

## रंगशाला

### १०औं राष्ट्रिय खेलकुद

# पौडीमा बागमतीको दबदबा कायम, अभिभले जिते ६ स्वर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं**– १०औं राष्ट्रिय खेलकुदअन्तर्गत पौडीमा चार नयाँ राष्ट्रिय कीर्तिमान बनेको बुधबारको दिन बागमती प्रदेशले ५ स्वर्ण, २ रजत र ३ कांश्य गरि १० पदक थपेको छ ।

नेपालगञ्ज पौडी पोखरीमा मंगलबारबाट सुरु भएको पौडीमा बुधबार दोस्रो दिनसम्ममा २२ स्वर्ण पदकको छिनोफानो भइसकेको छ । जसमध्ये बुधबार ११ इभेन्ट्स हुँदा गैह्व आवासीय नेपाली संघ (एनआरएनए)ले ३ स्वर्ण, १ रजत र १ कांश्य पदक जित्यो । नेपाल पुलिस क्लबले २ स्वर्ण, ५ रजत र २ कांश्य गरि १० पदक थप्दा सुदूरपश्चिम प्रदेशले १ स्वर्ण पदक हात पार्यो ।

दुई दिनभित्र छिनोफानो भएका पदकको आधारमा सर्वाधिक ९ स्वर्ण, ४ रजत र ६ कांश्य गरि १९ पदकका साथ बागमती तालिकाको शीर्ष स्थानमा रहँदा ६ स्वर्ण, १ रजत र २ कांश्य गरि ९ पदक जितेको एनआरएनए दोस्रो स्थानमा छ ।

यसैगरी ३ स्वर्ण, ७ रजत र ८ कांश्य पदक जितेको नेपाल पुलिस क्लब तेस्रो, २ स्वर्ण, ८ रजत र ८ कांश्य पदकका साथ त्रिभुवन आर्मी क्लब चौथो, १ स्वर्ण र २ रजत पदक जितेको सुदूरपश्चिम पाँचौं तथा १ स्वर्ण पदक जितेको कोशी प्रदेश छैटौं स्थानमा छन् ।

### चार नयाँ राष्ट्रिय कीर्तिमान

बुधबार महिला ८०० मिटर फ्रिस्टाइल, पुरुष ४०० मिटर व्यक्तिगत मिड्ले, पुरुष १०० मिटर ब्याकस्ट्रोक र पुरुष ४ गुणा २०० मिटर फ्रिस्टाइल रिलेमा नयाँ राष्ट्रिय कीर्तिमान बने । महिला ८०० मिटर फ्रिस्टाइलमा एनआरएनएकी लिली बोहराले ९ मिनेट ३४.०६ सेकेन्डमा निर्धारित दूरी तय गर्दै नयाँ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितिन् ।

यस इभेन्ट्समा नेपाल आर्मीकी डुआना लामाले पनि आफ्नै नाममा रहेको पुरानो राष्ट्रिय कीर्तिमानमा सुधार गरेकी थिइन । रजत पदकमा सीमित भएकी डुआनाले निर्धारित दुरी ९ मिनेट ५९.५३ सेकेन्डमा पार गरेकी थिइन । डुआनाले गतवर्ष गरेको १० मिनेट ०६.९२ सेकेन्डको प्रदर्शन यसअघि कीर्तिमानका रूपमा दर्ज थियो ।

नेपाल पुलिस क्लबकी देवांशी जोशीले १० मिनेट ५८.५८ सेकेन्डको टाइमिङका साथ कांस्य पदक जितिन । पुरुष ४०० मिटर व्यक्तिगत मिड्लेमा सुदूरपश्चिमका अथर्व सिंहले ४ मिनेट ५६.७६ सेकेन्डको टाइमिङका साथ नयाँ कीर्तिमान कायम गर्दै स्वर्ण पदक जिते । उनले गतवर्ष आफैले बनाएको ४ मिनेट ५८.३४ सेकेन्डको कीर्तिमानमा सुधार गरेका हुन् ।

नेपाल पुलिसका मायन श्रेष्ठले ५ मिनेट ०७.५७ सेकेन्डको टाइमिङका साथ रजत पदक जित्दा बागमतीका आरेक कर्माचार्यले ५ मिनेट २६.९९ सेकेन्डमा निर्धारित दुरी पार गरेर कांश्य पदक हात पारे ।

यसैगरी पुरुष १०० मिटर ब्याकस्ट्रोकमा बागमतीका अर्भिन प्रधानले १ मिनेट ०१.५१ सेकेन्डको नयाँ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितेका छन् । उनले गतवर्ष प्रारम्भ भण्डारीले बनाएको १ मिनेट ०३.३९ सेकेन्डको कीर्तिमानमा सुधार गरेका थिए ।

बागमतीकै रेवन्तबहादुर श्रेष्ठ (१ मिनेट ०४.०० सेकेन्ड)ले रजत पदक जित्दा आर्मीका जाडेन श्रेष्ठ (१ मिनेट ०४.०३ सेकेन्ड)ले कांश्य पदक हात पारे ।

पुरुष ४ गुणा २०० मिटर फ्रिस्टाइल रिलेमा नेपाल पुलिसका इर्भिन श्रेष्ठ, अरुस अवाले, मायन श्रेष्ठ र कल्किन श्रेष्ठको टोलीले ८ मिनेट ३२.१३ सेकेन्डको नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्दै स्वर्ण पदक जितेका छन् । यस विधामा मनिष चित्रकार, सुभव श्रेष्ठ, अनुभव सुब्बा र सिरिष गुरुङको टिमले सन् २०१६ मा गरेको ९ मिनेट १७.६८ सेकेन्डको प्रदर्शन यसअघिसम्मको कीर्तिमान थियो । यो विधामा बुधबार रजत पदक जित्ने बागमती र कांश्य पदक हात पार्ने नेपाल आर्मीको टिमले पनि पुरानो कीर्तिमानभन्दा राम्रो प्रदर्शन गरेका थिए ।

बागमतीका आरेक कर्माचार्य, रेवन्तबहादुर श्रेष्ठ, वशिष्ठराज शाही र अभिभ प्रधानको टोली (८ मिनेट ४३.४६ सेकेन्ड) ले रजत तथा आर्मीका आरभ अग्रवाल, असिम भण्डारी, सौरेनबहादुर सिंह र एल्भिन महर्जनको टिम (८ मिनेट ५७.६४ सेकेन्ड) ले कांश्य पदक हात पार्यो ।

त्यस्तै महिला ५० मिटर बटरफ्लाईमा एनआरएनएकी मिखा काया थापाले ३०.७८ सेकेन्डको टाइमिङका साथ स्वर्ण पदक जित्दा पुलिसकी देवांशी जोशी (३२.८८) ले रजत पदक हात पारिन । ३३.५६ सेकेन्डको समान टाइमिङ राखेका बागमतीकी इरा अमात्य र नेपाल आर्मीकी सिशुम्बन राईले संयुक्त रूपमा कांश्य पदक जिते ।

महिला २०० मिटर फ्रिस्टाइलमा एनआरएनएकी लिली बोहराले २ मिनेट १४.०३ सेकेन्डमा निर्धारित दुरी तय गरेर स्वर्ण पदक जित्दा नेपाल आर्मीकी डुआना लामा (२ मिनेट १४.४२ सेकेन्ड)ले रजत तथा एनआरएनएकै मिखा काया थापा (२ मिनेट १९.६८ सेकेन्ड) ले कांश्य पदक हात पारे

महिला १०० मिटर ब्याकस्ट्रोकमा बागमतीकी आर्या महर्जन सिनियरले १ मिनेट ११.९५ सेकेन्डमा निर्धारित दुरी पार गरेर स्वर्ण पदक जित्दा एनआरएनएकी मिखा काया थापा (१ मिनेट १३.६२ सेकेन्ड) ले रजत तथा बागमतीकै रोयल प्रजापती (१ मिनेट १४.४३ सेकेन्ड)ले कांश्य पदकमा चित्त बुझाइन । महिला ४ गुणा १०० मिटर मिड्ले रिलेमा बागमतीका आर्या महर्जन सिनियर, प्राज्ञा ताम्राकार, इरा अमात्य र रोयल प्रजापतीसम्मिलित टिमले ५ मिनेट ०५.६९ सेकेन्डको टाइमिङका साथ स्वर्ण पदक जिते । नेपाल पुलिस क्लबका श्रेया महर्जन, आध्याश्री जोशी, देवांशी जोशी र सेरेन अवालेको टिम (५ मिनेट ११.८५ सेकेन्ड)ले रजत जित्दा आर्मीका लुना श्रेष्ठ, रितिका बुमी, सिसोम्बुन राई र डुआना लामाको टिम (५ मिनेट १५.८५ सेकेन्ड) ले कांश्य पदक हात पारे ।

पुरुष ५० मिटर बटरफ्लाईमा बागमतीका अभिभ प्रधानले २६.०७ सेकेन्डमा निर्धारित दुरी तय गर्दै स्वर्ण पदक जित्दा पुलिसका इर्भिन श्रेष्ठ (२७.१४) ले रजत तथा समान २७.३२ सेकेन्डको टाइमिङ राखेका नेपाल आर्मीका पौडीवाजद्वय सौरेनबहादुर सिंह र असिम भण्डारीले कांश्य पदक जिते । पुरुष २०० मिटर फ्रिस्टाइलमा नेपाल पुलिसले सबै पदकमा कब्जा जमाउँदा इर्भिन श्रेष्ठ (१ मिनेट ५९.४८ सेकेन्ड)ले स्वर्ण, कल्किन श्रेष्ठ (२ मिनेट ००.८३ सेकेन्ड)ले रजत तथा एल्भिन महर्जन (२ मिनेट ०५.०० सेकेन्ड)ले कांश्य पदकमा नाम लेखाए ।

मिक्स्ड ४ गुणा ५० मिटर मिड्ले रिलेमा बागमतीका आर्या महर्जन सिनियर, रोयल प्रजापती, अभिभ प्रधान र रेवन्तबहादुर श्रेष्ठको टिमले २ मिनेट ०२.४६ सेकेन्डको टाइमिङका साथ स्वर्ण पदक जित्दा आर्मीका जाडेन श्रेष्ठ, डुआना लामा, सिसोम्बन राई र एल्भिन महर्जनको टिम (२ मिनेट ०४.११ सेकेन्ड)ले रजत तथा पुलिसका देवांशी जोशी, कल्किन श्रेष्ठ, इर्भिन श्रेष्ठ र सेरेन अवालेको टिम (२ मिनेट ०७.०८ सेकेन्ड)ले कांश्य पदक जिते ।

### बागमतीका अभिभको ६ स्वर्ण

पौडीमा दुई दिनको खेल समाप्त हुँदा बागमतीका अभिभ श्रेष्ठले सर्वाधिक ६ स्वर्ण पदक जितेका छन् । उनले दुई रजत पदकमा पनि नाम लेखाएका छन् ।

यसैगरी बागमतीकै आर्या महर्जन सिनियरले ५ स्वर्ण र १ कांश्य पदक जित्दा बागमतीकै रोयल प्रजापतीको नाममा ४ स्वर्ण, १ रजत र १ कांश्य पदक छ ।

२२ इभेन्ट्सको छिनोफानो भइसक्दा ३४ खेलाडीले पदकतालिकामा नाम लेखाएका छन् । जहाँ एनआरएनएका लिली बोहराले ३ स्वर्ण र १ कांश्य, एनआरएनएकै मिखा काया थापाले ३ स्वर्ण, १ रजत र १ कांश्य, पुलिसका मायन श्रेष्ठले २ स्वर्ण, १ रजत र १ कांश्य, पुलिसकै इर्भिन श्रेष्ठले २ स्वर्ण २ रजत र ४ कांश्य पदक जितेका छन् ।


**कुवेतमा रोजगार** कम्पनी : Heirs Of Jawad Abdullah Hajieh Al-saffar

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350510 चलानी नं. ६०२६३८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 6 | 0 | 160 | ७५,५१९ | अ.बि.अनुसार | ८ घण्टा | ६ दिन | अ.बि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Indoor | 4 | 2 | 100 | ४७,९९९ | | | | | | | |
| 3 | Storekeeper (male) | 6 | 0 | 160 | ७५,५१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बस्दा पि.मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा बस्दा बिमा खर्च कसले व्यहोर्ने र कति व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति व्यहोर्ने | भिसा शुल्क कसले दिने र कति व्यहोर्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति व्यहोर्ने (रसपासकः) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अतिरिक्तिकरण शुल्क कति व्यहोर्ने र कसले व्यहोर्ने | विमा रकमिक शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने : रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२,२९९/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | ३,०००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट सरदाहरुको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई स्वयम उपस्थित हुनेछ । २) आफू काम गर्न जाने मालुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधनी गरिसक्नुहोस् । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसन/ दलिदलिल नदिनुहोस् । ५) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डोस्मेन्ट लगिन अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर माथ सम्बोतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोस् । ७) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोस् अन्यथा ठ्गिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचस्थित सम्पर्क गर्नुहोस् ।

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** कम्पनी : ZAWYA AI-AMMAR GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350164 चलानी नं. ६०२६३८५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing Worker | 1 | 0 | 1000 | ३१,५७१ | अ. नि. अनुसार | ८ घण्टा | ६ दिन | अ. नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बस्दा पि.मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा बस्दा बिमा खर्च कसले व्यहोर्ने र कति व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति व्यहोर्ने | भिसा शुल्क कसले दिने र कति व्यहोर्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति व्यहोर्ने (रसपासकः) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अतिरिक्तिकरण शुल्क कति व्यहोर्ने र कसले व्यहोर्ने | विमा रकमिक शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने : रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२,२९९/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | ३,०००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट सरदाहरुको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई स्वयम उपस्थित हुनेछ । २) आफू काम गर्न जाने मालुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधनी गरिसक्नुहोस् । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसन/ दलिदलिल नदिनुहोस् । ५) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डोस्मेन्ट लगिन अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर माथ सम्बोतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोस् । ७) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोस् अन्यथा ठ्गिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचस्थित सम्पर्क गर्नुहोस् ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**

Sinamangal-9, omnagar marga, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**कुवेतमा रोजगार** कम्पनी : ARC COFFEE SHOP COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०८/०५ LT. No. 350893 चलानी नं. ६०२६३८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker Barista | 4 | 0 | 130 | ९१,९३३ | अ.नि. अनुसार | ८ घण्टा | ६ दिन | अ.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बस्दा पि.मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा बस्दा बिमा खर्च कसले व्यहोर्ने र कति व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिसा शुल्क कसले दिने | सामाजिक सुरक्षा कोष कसले दिने र कति व्यहोर्ने (रसपासकः) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अतिरिक्तिकरण शुल्क कति व्यहोर्ने र कसले व्यहोर्ने | विमा रकमिक शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने : रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२,२९९/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | ३,०००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट सरदाहरुको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई स्वयम उपस्थित हुनेछ । २) आफू काम गर्न जाने मालुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधनी गरिसक्नुहोस् । ३) आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसन/ दलिदलिल नदिनुहोस् । ५) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डोस्मेन्ट लगिन अनिवार्य लिनुपर्नेछ । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर माथ सम्बोतामा हस्ताक्षर गर्नुहोस्, सोको एकप्रति आफूसंग राख्नुहोस् । ७) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोस् अन्यथा ठ्गिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचस्थित सम्पर्क गर्नुहोस् ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**कतारमा रोजगार** कम्पनी : MARTINS CONTRACTING AND MAINTENENCE SERVICES W.L.L

पूर्व स्वीकृति मिति :२०८३/०८/०५ LT. No. 350663 चलानी नं.६०२६३८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | ब्यूझाउने पोशाक | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricity Meter Reader | 3 | 0 | 1800 | ७३,३५१ | अ. नि. अनुसार | २ सेट | ८ घण्टा | ६ दिन | अ. नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stone Mason | 2 | 



म्यानमारको यांगोनस्थित को हतात रयी प्यागोडामा, 'प्रकाशको पर्व' भनेर चिनिने ताजाउंगडाइंग पर्व मनाउन मैनबत्ती बाल्दै मानिसहरू ।

*तस्विर: सिन्हुवा*

# स्विस कूटनीतिक अधिकारीलाई उत्तर कोरिया छाड्न आदेश

प्योङयाङ- उत्तर कोरियाले स्विट्जरल्याण्डको कूटनीतिक कार्यालय प्रमुख सिल्भेन एस्टियरलाई ४८ घण्टाभित्र देश छाड्न आदेश दिएको छ । स्विट्जरल्याण्डले उत्तर कोरियाली बाल शिविरमाथि प्रतिबन्ध लगाएपछि दुई देशबीच कूटनीतिक तनाव बढेको हो ।

उत्तर कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार विदेश मन्त्रालयले एस्टियरलाई अवाञ्छित व्यक्ति घोषणा गर्दै देश छाड्न निर्देशन दिएको हो । उत्तर कोरियाको विदेश मन्त्रालयअन्तर्गत युरोपेली विभागका महानिर्देशक पाक ह्चोन सुले एस्टियरलाई बोलाएर कूटनीतिक कार्यालय बन्द गर्न आग्रह गरिएको मन्त्रालयको ज्ञापनपत्र हस्तान्तरण गरेका थिए ।



उत्तर कोरियाले वोनसानस्थित सोङडोवन अन्तर्राष्ट्रिय बाल शिविरलाई प्रतिबन्धको सूचीमा राख्ने स्विस अधिकारीहरूको निर्णयलाई आफ्नो कदमको कारण बताएको छ । उक्त शिविरमा रुसी कब्जामा रहेका युक्रेनी क्षेत्रबाट ल्याइएका बालबालिकालाई प्रभावित पार्ने गतिविधिमा सहयोग गरेको आरोप लाग्दै आएको छ ।

यसअघि मंगलबार उत्तर कोरियाली नेता किम जोङ उनकी शक्तिशाली बहिनीले स्विट्जरल्याण्डको निर्णयको निन्दा गर्दै प्योङयाङस्थित कूटनीतिक कार्यालय बन्द गर्ने चेतावनी दिएकी थिइन् । उक्त शिविरमा चिनियाँ र रुसी बालबालिकालेसमेत सहभागिता जनाउँदै आएका छन् ।

उत्तर कोरियासँग वार्ता र कूटनीतिक सम्बन्ध कायम राख्ने सीमित पश्चिमी मुलुकमध्ये स्विट्जरल्याण्ड पनि एक हो । स्विस विदेशमन्त्रीले केही साताअघि उत्तर कोरियाको भ्रमण गरी दुई देशबीचको सम्बन्ध सामान्य बनाउने विषयमा छलफल गरेका थिए ।

उत्तर कोरियास्थित स्विस कूटनीतिक कार्यालयले बेइजिङस्थित स्विट्जरल्याण्डको दूतावासलाई प्रतिवेदन बुझाउने गरेको छ । उक्त दूतावासले नै उत्तर कोरियासँगका कूटनीतिक तथा कन्सुलर सम्बन्धसम्बन्धी काम सम्हाल्दै आएको छ । *रासस/एएफपी*

# पाकिस्तानी अन्तरिक्षयात्रीसहित चीनले गऱ्यो अन्तरिक्षयान प्रक्षेपण

**जियुक्वान (चीन)**- चीनले पहिलोपटक विदेशी अन्तरिक्षयात्रीलाई समेत सहभागी गराउँदै बुधबार दुई चिनियाँ र एक पाकिस्तानीसहित तीन सदस्यीय चालक दल बोकेको शेन्झाउ-२४ अन्तरिक्षयान सफलतापूर्वक प्रक्षेपण गरेको छ । यसलाई चीन-पाकिस्तान अन्तरिक्ष सहकार्यको ऐतिहासिक उपलब्धिका रूपमा लिइएको छ ।

पाकिस्तानी अन्तरिक्षयात्री ४० वर्षीय मुहम्मद जिशान अली तथा चिनियाँ अन्तरिक्षयात्री ५१ वर्षीय ताङ होङ्बो र ३९ वर्षीय वु यी उत्तरपश्चिमी चीनको जियुक्वान भूउपग्रह प्रक्षेपण केन्द्रबाट अन्तरिक्षतर्फ प्रस्थान गरेका हुन् । अन्तरिक्षयान रकेटबाट अलग भई निर्धारित कक्षमा प्रवेश गरेको चिनियाँ अधिकारीहरूले जनाएका छन् ।



यस अभियानले चीनको मानव अन्तरिक्ष कार्यक्रमअन्तर्गत पहिलोपटक विदेशी र चिनियाँ अन्तरिक्षयात्री सम्मिलित संयुक्त उडानको इतिहास बनाएको छ । पाकिस्तानमा प्रक्षेपणको खुसीयालीमा सर्वसाधारणले 'पाकिस्तान-चीन मित्रता दीर्घायु होस्' भन्दै उत्सव मनाएका थिए ।

पाकिस्तानका योजना, विकास तथा विशेष पहलमन्त्री अहसान इकबालले यस अभियानले भविष्यमा दुई देशबीच अन्तरिक्ष क्षेत्रमा अझ व्यापक सहकार्यको बाटो खोल्ने विश्वास व्यक्त गरे । उनले पाकिस्तानी अन्तरिक्षयात्रीले आफ्नो देशको झण्डासँगै जनताको आशा र प्राविधिक आकांक्षा अन्तरिक्षमा पुऱ्याएको बताए ।

यो संयुक्त अभियान सन् २०२५ फेब्रुअरीमा भएको चीन-पाकिस्तान सम्झौताको हिस्सा हो । चालक दलले अभियानका क्रममा ९० भन्दा बढी वैज्ञानिक प्रयोग तथा प्रविधि परीक्षण गर्ने छ । अलीले अन्तरिक्षमा प्रकाश संश्लेषण गर्ने साइनोब्याक्टेरियासम्बन्धी प्रयोग गर्ने छन् र शेन्झाउ-२३ मार्फत पृथ्वी फर्कने छन् ।

अली र वुका लागि यो पहिलो अन्तरिक्ष यात्रा हो भने ताङ यसअघि दुईपटक अन्तरिक्षमा पुगिसकेका छन् । चीनले सन् २०३० सम्ममा चन्द्रमामा मानव अवतरण गराउने लक्ष्य राखेको छ । अमेरिकाको नासाले भने सन् २०२८ मा चन्द्रमाको सतहमा अन्तरिक्षयात्री अवतरण गराउने योजना बनाएको छ । *रासस/एपी*

# बंगलादेशी गार्मेन्ट कामदारको न्यूनतम ज्याला ३६ प्रतिशतले बढ्यो

**ढाका-** बंगलादेशमा गार्मेन्ट उद्योगका कामदारले लामो वार्तापछि न्यूनतम मासिक ज्याला ३६ प्रतिशत वृद्धि गर्न सहमति जुटाएका छन् । बुधबार भएको सम्झौताअनुसार कामदारको न्यूनतम मासिक ज्याला १२ हजार ५०० टाकाबाट बढेर १७ हजार टाका पुगेको छ ।

चीनपछि विश्वको दोस्रो ठूलो गार्मेन्ट निर्यातकर्ता बंगलादेशमा अक्टोबरदेखि कामदारले तलब वृद्धि माग गर्दै व्यापक प्रदर्शन गर्दै आएका थिए । सम्झौतापछि मजदुर प्रतिनिधिहरूले कामदारलाई कारखानामा फर्कन आग्रह गरेका छन् ।

मजदुर प्रतिनिधि बाबुल अख्तरले आफूहरू पूर्ण सन्तुष्ट नभए पनि सम्झौता पूर्णत: नराम्रो नभएको बताए । उनका अनुसार यसअघि प्रत्येक पाँच वर्षमा ज्याला पुनरवलोकन हुने गरेकामा यसपटक तीन वर्षमै वृद्धि भएको छ । कामदारले सुरुमा न्यूनतम मासिक ज्याला १२ हजार ५०० टाकाबाट बढाएर ३० हजार टाका अर्थात् करिब २४० अमेरिकी डलर पुऱ्याउन माग गरेका थिए । खाद्यान्न, आवास, यातायात र स्वास्थ्य सेवाको बढ्दो खर्च ध्यान्न विद्यमान तलब अपर्याप्त रहेको उनीहरूको भनाइ थियो ।

सरकारद्वारा गठित गार्मेन्ट उद्योगको ज्याला बोर्डका अध्यक्ष न्यायाधीश सैयद आजाद सुभानीले बुधबार बिहान भएको मतदानमा बहुमतले १७ हजार टाकाको न्यूनतम ज्याला प्रस्तावलाई समर्थन गरेको जानकारी दिए । नयाँ ज्याला करिब १३९ अमेरिकी डलर बराबर हुने छ ।

बंगलादेश गार्मेन्ट उत्पादक तथा निर्यातकर्ता संघका अनुसार विरोध प्रदर्शनका कारण उद्योगले करिब चार करोड २८ लाख अमेरिकी डलरबराबरको नोक्सानी बेहोरेको छ । त्यस्तै, दुई करोड ५४ लाख अमेरिकी डलर बराबरका अर्डर अन्य देशमा सरेका छन् । क्रिसमसको व्यस्त व्यापारिक मौसम नजिकिँदै गर्दा भएको अवरोधले उद्योगलाई थप असर पुऱ्याएको छ ।

फ्रुट अफ द लुम र लेवी स्ट्रसजस्ता प्रमुख अन्तर्राष्ट्रिय ब्राण्डलाई कपडा आपूर्ति गर्ने बंगलादेशको गार्मेन्ट उद्योगले वार्षिक करिब तीन हजार ८०० करोड अमेरिकी डलर आम्दानी गर्छ । यस उद्योगले देशको कूल निर्यात आम्दानीको पाँच भागमध्ये चार भाग ओगट्दै आएको छ । *रासस/एएफपी*

# गुगलविरुद्ध मलेसियाको १४ करोड ६० लाख डलरको मुद्दा



**क्वालालम्पुर-** युट्चुबमा जुवा, ठगी तथा मानहानिकारक सामग्री हटाउन असफल भएको आरोपमा मलेसियाले गुगलविरुद्ध १४ करोड ६० लाख अमेरिकी डलरको मुद्दा दायर गरेको छ । मलेसियाली सञ्चार तथा मल्टिमिडिया आयोगले बुधबार गुगलले कानुनी दायित्व र इजाजतपत्रका सर्त पालना नगरेको भन्दै दुई छुट्टाछुट्टै मुद्दा अघि बढाएको जनाएको छ ।

आयोगका अनुसार पहिलो मुद्दा जुवा, अनलाइन ठगी र धोखाधडीसहित हजारौं हानिकारक सामग्री हटाउन युट्चुबले पर्याप्त कारबाही नगरेको विषयसँग सम्बन्धित छ । आयोगले यस वर्ष जनवरी १ देखि अक्टोबर २८ सम्म युट्चुबमा रहेका सामग्रीबारे ७३ हजार ७०३ वटा उजुरी दिएको थियो । तीमध्ये अधिकांश अनलाइन जुवासम्बन्धी थिए ।

आयोगका अनुसार जुवासम्बन्धी उजुरीमध्ये चार हजार ९५० वटामा कुनै प्रतिक्रिया प्राप्त भएन भने थप ३५ वटामा सामग्री हटाउने वा जवाफ दिने प्रक्रियामा ९० दिनभन्दा बढी समय लागेको थियो । त्यस्तै, एक हजार ४६८ उजुरीमा कारबाहीका लागि ३० दिनभन्दा बढी समय लागेको थियो । यस्ता तथ्यांकले युट्चुबमा हानिकारक सामग्रीको मात्रा र त्यसलाई हटाउन भइरहेको ढिलाइ देखाउने आयोगले जनाएको छ ।

दोस्रो मुद्दा भने मलेसियाली एक ब्लगरले युट्चुबमा राखेको कथित मानहानिकारक तथा झूटो सामग्री आयोगमा उजुरी परेपछि पनि नहटाएको विषयमा केन्द्रित छ । यसबारे प्रतिक्रिया लिन खोज्दा गुगल तत्काल उपलब्ध हुन सकेन ।

गुगलले सन् २०२४ मा घोषणा गरेको दुई अर्ब अमेरिकी डलरको लगानी विस्तार गर्दै आगामी दुई वर्षमा मलेसियामा १५ अर्ब अमेरिकी डलर लगानी गरी डेटा सेन्टर तथा अन्य पूर्वाधार निर्माण गर्ने योजना सार्वजनिक गरेको तीन सातापछि मुद्दा दायर भएको हो ।

दक्षिणपूर्वी एसियामा डेटा सेन्टर निर्माणका लागि मलेसिया तीव्र गतिमा विकसित भइरहेको केन्द्रका रूपमा देखिएको छ । यस्ता केन्द्रमा रहेका सर्भरले च्याटबोट र तस्बिर निर्माण गर्ने प्रणालीलगायत कृत्रिम बौद्धिकतासम्बन्धी उपकरणको प्रशिक्षण र सञ्चालनमा सहयोग गर्छन् ।

मलेसियाले यसअघि टिकटकसहित अन्य प्रमुख सामाजिक सञ्जालमाथि पनि अत्यन्त आपत्तिजनक सामग्री हटाउन असफल भएको आरोप लगाउँदै कारबाही अघि बढाएको थियो । *रासस/एएफपी*

# अस्ट्रेलियाको मुद्रास्फीति तीन वर्षयताकै उच्च बिन्दुमा

**क्यानबेरा-** अस्ट्रेलियाको वार्षिक मुद्रास्फीति दर तीन वर्षयताकै उच्च बिन्दुमा पुगेको छ । बुधबार सार्वजनिक सरकारी तथ्यांकअनुसार सन् २०२६ को अक्टोबरमा मुद्रास्फीति दर बढेर ४.९ प्रतिशत पुगेको हो ।

अस्ट्रेलियन ब्युरो अफ स्टाटिस्टिक्स (एबिएस) का अनुसार अक्टोबरसम्मको १२ महिनामा उपभोक्ता मूल्य सूचकांक (सिपिआई) ४.९ प्रतिशतले बढेको छ । सेप्टेम्बरमा यो दर ४.३ प्रतिशत थियो । अक्टोबरमा देखिएको यो वृद्धि सन् २०२३ को अक्टोबरयताकै उच्च हो ।

अर्थशास्त्रीहरूले अक्टोबरमा मुद्रास्फीति दर ४.७ देखि ४.८ प्रतिशतसम्म रहने अनुमान गरेका थिए । तर वास्तविक तथ्यांक उनीहरूको अनुमानभन्दा बढी देखिएको छ ।

अस्ट्रेलियन रिजर्भ बैंक (आरबिए) ले मुद्रास्फीतिको वास्तविक अवस्था मूल्यांकन गर्न प्रयोग गर्ने वार्षिक ट्रिम्ड मीन सूचक पनि सेप्टेम्बरको ३.६ प्रतिशतबाट बढेर अक्टोबरमा ३.८ प्रतिशत पुगेको छ । डिसेम्बरको सुरुवातमा हुने आरबीएको सन् २०२६ को अन्तिम मौद्रिक नीति बोर्ड बैठकअघि यो तथ्यांक सार्वजनिक भएको हो । उक्त बैठकमा केन्द्रीय बैंकले ब्याजदर समायोजन गर्ने विषयमा छलफल गर्ने छ ।

मुद्रास्फीतिलाई केन्द्रीय बैंकले तोकेको दुईदेखि तीन प्रतिशतको लक्ष्य सीमाभित्र ल्याउने प्रयासस्वरूप आरबिएले सन् २०२६ मा पाँचपटक ०.२५ प्रतिशत बिन्दुका दरले नगद ब्याजदर बढाइसकेको छ । यससँगै ब्याजदर १८ वर्षयताकै उच्च ४.८५ प्रतिशत पुगेको छ ।

एबिएसकी मूल्य तथ्यांक प्रमुख रेचल म्याकक्रिकका अनुसार अक्टोबरसम्मको एक वर्षमा आवास क्षेत्र मुद्रास्फीति वृद्धिमा सबैभन्दा ठूलो योगदान दिने क्षेत्र बनेको छ । आवाससम्बन्धी मूल्य वार्षिकरूपमा ६.४ प्रतिशतले बढेको छ, जुन सेप्टेम्बरमा ५.२ प्रतिशत थियो ।

त्यस्तै, यातायात क्षेत्र मुद्रास्फीतिमा दोस्रो ठूलो योगदान दिने क्षेत्र बनेको छ । यस क्षेत्रमा वार्षिकरूपमा १०.६ प्रतिशत मूल्यवृद्धि भएको छ । म्याकक्रिकले अक्टोबरमा मासिक आधारमा सवारीसाधनमा प्रयोग हुने इन्धनको मूल्य ६.३ प्रतिशतले बढेको बताइन् । सेप्टेम्बरमा यस्तो वृद्धि ९.४ प्रतिशत थियो । विश्वबजारमा तेलको मूल्य बढेका कारण इन्धन महँगिएको उनले बताएकी छन् । *रासस/सिन्हुवा*

# चीनसहित १६ अर्थतन्त्रमा अमेरिकी कर बढ्ने

**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले चीन र युरोपेली संघ (इयू) सहित १६ अर्थतन्त्रबाट आयात हुने औद्योगिक वस्तुमा थप कर लगाउने तयारी गरेको छ । अमेरिकी व्यापार प्रतिनिधि कार्यालयले सरकारी अनुदानका कारण औद्योगिक उत्पादन अत्यधिक बढेको विषयमा गरेको अनुसन्धानको नतिजा आगामी दिनमा सार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।

यससम्बन्धी जानकारी दिएका दुई व्यक्तिले नयाँ कर लागू हुने समय परिवर्तन हुनसक्ने बताएका छन् । ह्वाइट हाउसका अनुसार अनुदानका कारण सस्तो सामानको अत्यधिक उत्पादन र निर्यात हुँदा अमेरिकी उद्योगहरू प्रतिस्पर्धामा कमजोर भएका छन् । प्रस्तावित कर अमेरिकी सर्वोच्च अदालतले गत फेब्रुअरीमा असंवैधानिक ठहर गरेका व्यापक आयात शुल्कको विकल्पका रूपमा ल्याउन लागिएको हो । अमेरिकी व्यापार ऐन, १९७४ को धारा ३०१ अन्तर्गत भइरहेको अनुसन्धानले अमेरिकी व्यापारमाथि भेदभाव गर्ने देशविरुद्ध शुल्क लगाउने अधिकार राष्ट्रपतिलाई दिन्छ ।

नयाँ शुल्कको दर स्पष्ट भइसकेको छैन । तर यसअघि घोषणा गरिएका १० देखि १२.५ प्रतिशतका शुल्कमाथि थपिने अपेक्षा गरिएको छ । चीनको विशाल औद्योगिक उत्पादन क्षमता र कमजोर घरेलु मागका कारण कम्पनीहरू विदेशी बजारमा निर्भर हुन थालेका छन् । सवारीसाधन, सौर्य प्यानल, सिमेन्ट र इस्पातजस्ता क्षेत्रमा चीनको बढ्दो उत्पादनले व्यापारिक साझेदार हरूको चिन्ता बढाएको छ । गत वर्ष चीनको व्यापार बचत कीर्तिमानी १२ खर्ब अमेरिकी डलर पुगेको थियो ।

ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच हालै सेन्फ्रेनमा भेटवार्ता भए पनि व्यापार घाटा दुई देशबीचको प्रमुख विवाद बनेको छ । सी अर्को महिना फ्लोरिडामा हुने समूह २० शिखर सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ । *रासस/एपी*


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक २०० मंसिर ९ गते २०८३ मा प्रकाशित **Care Professional Service Pvt.Ltd.** को **LT No. 350880, 350881 & 350882** भएको कम्पनीको नाम **Japan Care Workers Cooperative Association** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Care Professional Service Pvt.Ltd.
Dhumbarahi, Kathmandu, Nepal Phone: +9771-4371166, 4371162, E-mail: info@careprofessional.com.np

**सूचना**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १९६ मंसिर ५ र अंक १९८ मंसिर ७ गते २०८३ मा प्रकाशित **Arctic Oveseas Pvt. Ltd.** को **LT No. 349920,350859,** भएका **DUBUYO SDN BHD / L H MARKETING SDN BHD** कम्पनीको उक्त अन्तर्वार्ता हाललाई स्थगित गरिएको व्यहोरा जनकारी गराइ, अर्को सूचना जारी नभएसम्म अन्तर्वार्ता स्थगित रहनेछ ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Bhakti Colony, Baneshwor, Kathmandu, Nepal, Contact: +977-01-4229512
E-mail : arcticinternational08@gmail.com

**युएइमा रोजगार** कम्पनी : ALRAWABI ALKHADRA TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ LT. No. 350891 चलानी नं. ६०१६३८३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (General) | 3 | 0 | 1500 | ६०,६७३ | छ | ८ | ६ | छ | छ | छ | २ वर्ष |
| 2. | Joiner | 1 | 0 | 1500 | ६०,६७३ | छ | ८ | ६ | छ | छ | छ | २ वर्ष |

कम्पनी : INTERCO DECOR L L C

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ LT. No. 350733 चलानी नं. ६०१६३८३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 46 | 0 | 1000 | ८०,१२५ | क.वि अनुसार | ८ घण्टा | ६ दिन | क.वि अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEDITERRANEAN BUILDING MATERIALS LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ LT. No. 350734 चलानी नं. ६०१६३८३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labor | 2 | 0 | 1000 | ८०,१२५ | क.वि अनुसार | ८ घण्टा | ६ दिन | क.वि अनुसार | छ | | २ वर्ष |

कम्पनी : Space Hub Interiors-L.L.C-S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०८/०९ LT. No. 350941 चलानी नं. ६०१६३८८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 20 | 0 | 1000 | ८०,१२५ | क.वि अनुसार | ८ घण्टा | ६ दिन | क.वि अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १७ गते (3rd Dec. 2026) मा हुनेछ ।

| स्वदेशमा बसेर पी मेडिकल गर्न चाहने भनें र कति लाग्ने | रोजगार समस्यामेने मेडिकल खर्च दिने / नदिने | स्वदेशमा बसेर बिना खर्च गराउने व्यहोर्ने र कति लाग्ने | रोजगारका बिना खर्चे/खर्चमे र गराउने व्यहोर्ने र कति लाग्ने | डाइट टिकट गराउने बिना खर्च गराउने र कति लाग्ने | राजनैतिक सुरक्षा लोग गराउने दिने र कति लाग्ने (एजेन्सीसमेत) | कल्याणकारी कोष सम्बन्धि व्यहोर्ने | सेवा शुल्क | अभिमुखीकरण शुल्क गराउने व्यहोर्ने | मिग्रा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने: रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २,९९० - कामदारले तिर्ने | रु. १,५०० - कामदार आफैले | ९०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नामबा बिना प्रान्त भई जाने लिखित भएपछि मात्र श्रम स्वीकृति लिनुपर्नेछ । २) आफू खाम गर्न जाने मुलुकमा गरेको नेपाली कूटनीतिक नियोगको समन्वय उनगरा र फोन नम्बरहरु सोधमा राख्नुपर्नेछ । आफू अटोमाईल पर्दा समस्या पर्न सक्ने हुन्छ । ३) यस विज्ञापन (सूचनामा उल्लेख भाएको बाहेक श्रम स्वीकृति लिनुपर्नेछ । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम लिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बन्धितमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ५) कामका विरोध जोडा नेपालकै एजेन्टेट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन समबन्धमा थप केही कुरान पोया वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

NEPAL WORLD OVERSEAS PVT.LTD
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
|---|---|---|
| २,४१,४०० | ० | ३,०४० |



## ‘पुराना विदेशी लगानीको उचित ढंगले लेखांकन गर्न आवश्यक’



■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले २०४६ सालको आर्थिक उदारीकरणपछि नेपाल भित्रिएका पुराना विदेशी लगानीको अभिलेखीकरण (लेखांकन) नहुँदा देखिएको जटिलता तत्काल समाधान गर्न सरकारसँग माग गरेका छन् ।

बाह्रौं राष्ट्रिय उद्योग दिवसका अवसरमा बुधबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजित कार्यक्रममा उनले पुराना विदेशी लगानी (विशेषगरी भारतीय लगानी) को अभिलेखीकरण नहुँदा लगानीकर्ताहरूले व्यवसाय विस्तार गर्न, थप पुँजी भित्र्याउन, प्रतिफल लैजान र व्यवसायबाट बाहिरिनसमेत गम्भीर समस्या भोग्नुपरेको बताए । ‘उद्योग प्रवर्द्धन बोर्डमार्फत एकपटकका लागि यस्ता पुराना लगानीको अभिलेखीकरणको गाँठो फुकाइदिने हो भने नेपालमा काम गरिरहेका लगानीकर्ताबाट सकारात्मक सन्देश जानेछ र यसले नयाँ वैदेशिक लगानी (एफडिआई) भित्र्याउन ठूलो मद्दत पुग्नेछ,’ उनले भने, ‘सरकारले निजी क्षेत्रलाई उच्च प्राथमिकता दिनु निकै सकारात्मक पक्ष हो ।’

वर्तमान सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले नै निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति पारित गरेर निजी क्षेत्रलाई अर्थतन्त्रको वास्तविक संवाहकको रूपमा सम्मान गरेको बताए ।

निजी क्षेत्र रोजगारी सिर्जना, राजस्व संकलन र पूर्वाधार निर्माणको मुख्य आधार हो भन्ने कुरालाई नयाँ सरकारले आत्मसात् गरेको बताउँदै उनले भने, ‘पूर्वाधार सम्मेलनको तयारीका क्रममा ५९ वटाभन्दा बढी कानुन संशोधन गर्ने सरकारको कदम अत्यन्तै सराहनीय छ, अब यसको भावनाअनुरूप तल्लो तहसम्म प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।’

## उद्योगीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध छः उद्योगमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं**– उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले उद्योगीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । उद्योग दिवसका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले उद्योग तथा व्यवसाय सञ्चालनका क्रममा देखिने प्रशासनिक झन्झट, प्रक्रियागत जटिलता र नीतिगत अस्पष्टता कम गर्दै लगानीमैत्री वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

मन्त्री साहले उद्योगी तथा व्यवसायीका समस्या पहिचान, समाधान र लगानी प्रवर्द्धनमा सहजीकरण गर्ने उद्देश्यले उद्योग मन्त्रालयमा स्वदेशी लगानीकर्ता सहजीकरण कक्षको समेत शुभारम्भ गरे । त्यसअवसरमा मन्त्री साहले उद्योगीका समस्या सुन्ने, सम्बन्धित निकायसँग समन्वय गर्ने र समाधानका लागि व्यावहारिक पहल गर्ने माध्यमका रूपमा सहजीकरण विकास गरिने प्रतिबद्धता जनाए । उनले उद्योग क्षेत्रको विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउने अभियानमा सरकार तथा निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा पुकार मल्लले आर्थिक वृद्धिलाई उत्पादनशील, समावेशी र उत्थानशील बनाइने बताए । उनले उद्योग क्षेत्रको योगदान बढाउन प्रतिस्पर्धात्मक क्षमता भएका क्षेत्र पहिचान, नीतिगत सुधार, लगानी विस्तार र उद्यमशीलता प्रवर्द्धन आवश्यक रहेको बताए ।




मन्त्रालयका सचिव रुद्रसिंह तामाङले उद्योग क्षेत्रका समस्या समाधानका लागि सरकार, निजी क्षेत्र र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय तथा संवाद आवश्यक रहेको बताए । उनले उद्योगीका सुझाव र व्यावहारिक अनुभवलाई नीतिगत सुधारसँग जोड्दै औद्योगिक तथा लगानीसम्बन्धी अवरोध हटाउन सरकारी संयन्त्रलाई प्रभावकारी बनाइने प्रतिबद्धता जनाए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जनकुमार श्रेष्ठले उद्योग स्थापना तथा सञ्चालन प्रक्रियालाई सरल, डिजिटल र स्वचालित बनाउनुपर्ने बताए ।

उनले उत्पादन तथा निर्यात क्षमता वृद्धि, गुणस्तर परीक्षण र प्रमाणीकरण प्रणाली सुदृढीकरण तथा व्यापार र पारवहन पूर्वाधार विस्तारले नेपाली उद्योगको प्रतिस्पर्धात्मक क्षमता बढाउन सक्ने बताए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले उत्पादन, लगानी र उद्यमशीलता आर्थिक समृद्धिको आधारका रूपमा रहेकाले यसको विकास र प्रवर्द्धन आवश्यक रहेको उल्लेख गरे ।

अध्यक्ष अग्रवालले उद्योगीले भोगिरहेका प्रशासनिक जटिलता, उच्च उत्पादन लागत, औद्योगिक जग्गा तथा पूर्वाधारसम्बन्धी समस्या समाधान गर्न सरकार सहजीकरणकर्ता र प्रोत्साहकका रूपमा अघि बढ्नुपर्ने बताए ।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले औद्योगिक वातावरण सुधार, नीतिगत स्थायित्व, कानुनी स्पष्टता र लगानी सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताए । घरेलु तथा साना उद्योग महासंघकी अध्यक्ष शोभा गुरुङले घरेलु, साना तथा मझौला उद्यमको वास्तविक तथ्यांक संकलन, वित्तीय पहुँच विस्तार र स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिइन् ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनका लागि स्पष्ट नीतिगत, कानुनी र संस्थागत व्यवस्था आवश्यक रहेको बताए । कार्यक्रममा आर्थिक वर्ष २०८२/८३ मा उल्लेखनीय निर्यात गर्ने स्वदेशी कम्पनीतर्फ आरएमसी फुड्स प्रालि र बहुराष्ट्रिय कम्पनीतर्फ डाबर नेपाल प्रालिलाई सम्मानित गरिएको थियो ।

यस्तै, सबैभन्दा बढी विदेशी लगानी प्राप्त गर्ने कम्पनीका रूपमा एसजेभीएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रालि, सबैभन्दा बढी स्वदेशी लगानी गर्ने कम्पनीका रूपमा मुक्तिनाथ दर्शन लिमिटेड तथा सफल स्टार्टअप उद्यमीका रूपमा सुष्मा शर्मालाई सम्मान गरियो ।

## मुक्तिनाथ विकास बैंक र मणिपाल अस्पतालबीच सम्झौता

**काठमाडौं (प्रस)**– मुक्तिनाथ विकास बैंक लिमिटेड र पोखरा, फूलबारी स्थित नेपाल मणिपाल शिक्षण अस्पतालबीच स्वास्थ्य सेवा तथा बैंकिङ सुविधामा सहकार्य गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी अनुसार नेपाल मणिपाल शिक्षण अस्पतालले मुक्तिनाथ विकास बैंकका कर्मचारी तथा बैंकका एटीएम/डेबिट कार्ड र मोबाइल बैंकिङ प्रयोगकर्ताहरूलाई अस्पतालबाट प्रदान गरिने विभिन्न स्वास्थ्य सेवामा विशेष छुट उपलब्ध गराउनेछ । सम्झौता अनुसार अस्पतालको विभिन्न सेवा तथा सुविधाहरूमा १० देखि २० प्रतिशत सम्मको छुट उपलब्ध हुनेछ ।



यसैगरी, मुक्तिनाथ विकास बैंकले नेपाल मणिपाल शिक्षण अस्पतालमा कार्यरत कर्मचारी तथा उनीहरूका परिवारका सदस्यहरूलाई न्युनतम ब्याजदरमा प्रोफेशनल लोन, होम लोन, अटो लोन, व्यवसायिक कर्जा तथा अन्य सहुलियतपुर्ण बैंकिङ सुविधा उपलब्ध गराउनेछ । यस सहकार्यबाट दुवै संस्थाबीचको संस्थागत सम्बन्ध थप सुदृढ हुनुका साथै बैंकका ग्राहक तथा कर्मचारीहरूलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा र अस्पतालका कर्मचारीहरूलाई सहज, सरल तथा प्राथमिकतायुक्त बैंकिङ सेवा प्राप्त हुने विश्वास बैंकले लिएको छ ।

## सहकारीका समस्या समाधान खोज्न सम्मेलन हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं**– राष्ट्रिय सहकारी महासंघको आयोजनामा ‘अन्तर्राष्ट्रिय सहकारी शान्ति सम्मेलन’ हुने भएको छ । लुम्बिनीमा (मंसिर २४ देखि २६ गते) ३ दिने सम्मेलन गर्न लागिएको महासंघले जनाएको छ । महासंघका कार्यवाहक अध्यक्ष रमेशप्रसाद पोखरेलले दिगो शान्तिका लागि न्याय, समावेशिता, समानता र सबैका लागि आर्थिक अवसर आवश्यक रहेको परिप्रेक्षमा पारस्परिक सहयोग, लोकतान्त्रिक सहभागिता र समानताका सिद्धान्तमा आधारित सहकारी संस्थाहरू शान्ति निर्माण र दिगो विकासका माध्यम भएकाले गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा सम्मेलन आयोजना गरिएको जानकारी दिए ।

सम्मेलनमा सहभागिताको लागि सदस्य संघमार्फत् मुलुकभित्र र मुलुकबाहिरका सहकारीकर्मीहरूलाई अनुरोध गरिएको उनले बताए । सहकारी शान्ति सम्मेलनमा सहभागी हुन स्वदेश तथा विदेशबाट उत्साहपूर्वक रजिष्ट्रेशन भइरहेको उनको भनाई छ । सम्मेलनमा ६ सय ५० जनाको सहभागिता रहने र इच्छुक सहकारीकर्मीहरूलाई छिटो रजिष्ट्रेशन गरी आफ्नो सिट सुरक्षित गर्न उनको आग्रह छ ।

सहकारी शान्ति सम्मेलन भनिए पनि सहकारी क्षेत्रमा देखिएका समस्या र समाधानका विषयमा समेत छलफल गरिने हुँदा सम्मेलन फलदायी हुने उनले बताए । मुलुकमा खुलेका केही सहकारी संस्थाले सदस्यको बचतलाई अपचलन गर्दा सिङ्गो सहकारी अभियान माथि नै प्रश्न उठिरहेको सन्दर्भमा यो क्षेत्रको समस्यालाई समाधान गर्ने गरी सम्मेलनले मार्ग प्रशस्त गर्ने अपेक्षा उनको छ ।

अन्तर्राष्ट्रिय जगतमा भएका सहकारीका असल अभ्यासहरूलाई समेत मुलुकमा आन्तरिकीकरण गरी थप सुदृढ र व्यवस्थित बनाउन सम्मेलनले सघाउने पोखरेलको भनाई छ । सम्मेलनमा अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए) का एसिया प्यासिफिकका अध्यक्ष डा. चन्द्रपाल सिंह यादव समेत सहभागी हुने जानकारी गराएको उनले सुनाए ।

## अब एक्स्ट्रिममा पाँच नयाँ स्वादको मज्जा

■ प्रभाव संवाददाता

**काठमाडौं** – एक्स्ट्रिममले इनर्जी ड्रिंकको स्वादमा नयाँ उत्साह र रोजाइका विकल्पहरू थप गरेको छ । युवापुस्तामाझ लोकप्रिय एक्स्ट्रिम इनर्जी ड्रिंकका पारखीहरूले एउटै ब्रान्डमा एक्स्ट्रिम इनर्जीका साथै थप पाँच फरक स्वादको मज्जा लिन पाउने भएका छन् । कम्पनीले उपभोक्ताको बदलिँदो रुचि र स्वादलाई ध्यानमा राख्दै पाँच नयाँ फ्लेभर बजारमा ल्याएको हो ।

फरक स्वादसँगै आकर्षक नामले पनि यी नयाँ फ्लेभरलाई विशेष बनाएका छन् । ग्रिन एप्पलको स्वाद मन पराउनेका लागि ‘ग्रिन म्यानियाक’, मस्कट अंगुरको स्वाद रुचाउनेका लागि ‘ग्रेक अट्याक’ र ग्रेपफ्रुट तथा पाइनएप्पलको मिश्रित स्वाद खोज्नेका लागि ‘ट्रपिकल पञ्च’ ल्याइएको छ ।

त्यस्तै, रास्पबेरी स्वादका पारखीका लागि ‘रास्प एन्ड फ्युरियस’ र अर्को नयाँ विकल्पका रूपमा ‘एक्स्ट्रिम्ली लाइट’ पनि बजारमा आएको छ । यी पाँच नयाँ फ्लेभरसँगै एक्स्ट्रिमले उपभोक्तालाई आफ्नो रुचिअनुसार स्वाद रोज्ने थप विकल्प दिएको छ । फरक स्वाद, आकर्षक नाम र विविध रोजाइको




संयोजनले नयाँ उत्पादनलाई उपभोक्तामाझ थप रुचिकर बनाउने कम्पनीको विश्वास छ ।

कम्पनीका अनुसार उपभोक्ताको स्वादलाई अझ रोमाञ्चक बनाउने उद्देश्यले नयाँ फ्लेभर ल्याइएको हो । पाँच फरक फरक स्वादका ड्रिङ्हरूको बिक्री वितरणसमेत सुरु भइसकेको छ । उपभोक्ताको रुचि र माग समयसँगै बदलिँदै गएको अवस्थामा एक्स्ट्रिमले पनि आफ्नो उत्पादनको दायरा फराकिलो बनाएको हो ।


## क्षयरोगबाट बचौं र बचाऔं



- लामो समयसम्म खोकी लागेमा, खकारमा रगत देखिएमा तौल घट्ने, ज्वरो आउने जस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराऔं,
- क्षयरोग सरूवा रोग हो, समयमै पहिचान र नियमित उपचारबाट निको हुन सक्छ,
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार क्षयरोगको औषधि नियमित सेवन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ